मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

युरिया मल भित्तन शुरु

मधेशदृष्टि
वीरगंज।
सरकारले भारत सरकारसँग 'जी टु जी' प्रक्रियाबाट खरिद गरेको युरिया मल वीरगंज नाकाबाट भित्रिन शुरु भएको छ । कृषि सामग्री कम्पनी मधेश प्रादेशिक कार्यालय वीरगंजका प्रमुख दुर्गा प्रसाद पाण्डेका अनुसार पुसको अन्तिम साता यो कन्साइनमेन्ट युरिया मल बोकेको पहिलो रेलवे ¥याक वीरगंज नाकामा आइपुगेको छ । एक रेलवे ¥याकले सामान्यतया २ हजार ५ सय टन मल बोक्छ । भारत सरकारले मल तेस्रो मुलुकबाट खरिद गरी नेपाललाई दिएको हो। यो कन्साइनमेन्ट अन्तर्गत कुल ३० हजार टन युरिया मल भित्रिनेछ । कम्पनीका भैरहवा र विराटनगर प्रादेशिक कार्यालयले पनि यसै कन्साइनमेन्टबाट युरिया मल पाउनेछन् । एक महिना यतामात्रै कम्पनीले ग्लोबल टेन्डरबाट खरिद गरेको २५ हजार टन डीएपी मल र ३० हजार टन युरिया मल पनि नेपाल भित्रिसकेको पाण्डेले बताए।

● वर्ष ४ ● अंक ६७ ● २०८२ साल माघ ०७ गते बुधबार ● Wednesday 21, January 2026 ● सूर्योदयः बिहान ०६:५५ बजे ● सूर्यास्तः साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मधेशका हेभिवेट उम्मेदवारहरु

मधेशदृष्टि
जनकपुरधाम ।
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मधेश प्रदेशका विभिन्न निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता भएको छ । यसपटक कुनै पनि औपचारिक गठबन्धनबिनै अधिकांश दल चुनावी मैदानमा उत्रिएका छन् । मधेशका धेरै क्षेत्रमा पुरानै चर्चित अनुहार पुनः देखिए पनि केही स्थानमा नयाँ र अपेक्षाकृत युवा उम्मेदवारले चुनावी प्रतिस्पर्धालाई थप रोचक बनाएका छन् ।
पुराना ठूला दलका प्रभावशाली नेतासँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायत नयाँ दलका उम्मेदवारले समेत मतदाताको ध्यान तानेका छन् । हेभीवेट नेताहरू र पछिल्लो समय देखिएको 'जेन्जी' राजनीतिक चेतनाबाट उदाएका केही नयाँ अनुहारका कारण मधेशको चुनावी प्रतिस्पर्धा निकै चासोको विषय बनेको छ ।
मधेशका प्रमुख निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका सभापति गगन थापा, नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री विमलेन्द्र निधि, नेकपा (एकीकृत समाजवादी) का सहसंयोजक माधवकुमार नेपाल, नेता नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठ, एमाले नेतृ तथा पूर्वमन्त्री जुलीकुमारी महतो तथा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोजस्ता नेताहरू उम्मेदवार बनेका छन् ।

सर्लाही–४ मा रोचक भिडन्त

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सर्लाही निर्वाचन क्षेत्र नं ४ मा उम्मेदवारी दर्ता गराएका छन् । सभापति थापाले वारेसमार्फत उम्मेदवारी दर्ता गरेका हुन् । उनको उम्मेदवारीको प्रस्तावकमा उपेन्द्रप्रसाद कुशवाहा र समर्थक रामआश्रय साह बसेको निर्वाचन अधिकृत विनोदप्रसाद घिमिरेले जानकारी दिए ।
विगतमा काठमाडौँ क्षेत्र नं ४ बाट प्रतिस्पर्धा गर्दै आएका थापाले यसपटक अन्तिममा सर्लाही निर्वाचन क्षेत्र नं ४ रोजेका हुन् । समयको चापका कारण उम्मेदवार थापा यहाँ उपस्थिति हुन नसकेपछि नेता वीरेन्द्र सिंहले वारेस रहेर उम्मेदवारी दर्ता गरेको नेता निरोज कार्कीले जानकारी दिए । थापासँगै यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डा अमरेशकुमार सिंह, नेपाली कम्युनिष्ट पार्टीबाट डा रजनिश यादव, जनता समाजवादी पार्टी (जसपा) नेपालबाट रामेश्वर राय यादव र नेकपा (एमाले)बाट रविशङ्कर कुशवाहाले उम्मेदवारी दर्ता गराएका छन् ।
थापा उठेको निर्वाचन क्षेत्रमा डा. अमरेश कुमार सिंहले जन्मभूमि तथा कर्मभूमि भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट उम्मेदवारी मनोनयन दर्ता गराएका छन् । मनोनयन दर्तापछि प्रतिक्रिया दिँदै डा. सिंहले यहाँका जनताको माया, स्नेह र आशीर्वादकै कारण आफू यो स्थानसम्म आइपुगेको बताउँदै आगामी दिनमा पनि यो साथ निरन्तर रहनेमा पूर्ण विश्वास व्यक्त गरे । उनले आफ्नो उम्मेदवारी देशमा व्याप्त भ्रष्टाचार, भ्रष्ट नेताहरू तथा जेन्जी युवामाथि दमन गर्ने शक्तिहरूको विरुद्धमा रहेको स्पष्ट पारे । डा. सिंहले यसपटकको निर्वाचनलाई केवल चुनाव मात्र नभई इतिहास लेख्ने निर्णायक क्षणको रूपमा व्याख्या गरे । 'मलाई पूर्ण विश्वास छ, सर्लाही–४ का मतदाताले इतिहास रच्नेछन्,' उनले भने । देश परिवर्तनको मोडमा पुगेको उल्लेख गर्दै उनले अबको चुनावले नयाँ दिशा दिने दाबी गरे ।
उनले मधेशकै छोरा बालेन्द्र शाह (बालेन शाह) लाई आगामी प्रधानमन्त्री बनाउने अभियानमा यो निर्वाचन महत्वपूर्ण हुने भन्दै सर्लाही–४ का जनताले पनि बालेन शाहलाई प्रधानमन्त्री बनाउनेमा अग्रसर हुनेमा आफू पूर्ण विश्वस्त रहेको बताए ।

हेभिवेट नेताहरुको उम्मेदवारी

नेकपा (एकीकृत समाजवादी) का सहसंयोजक माधवकुमार नेपालले रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गराएका छन् । नेता नेपालको उम्मेदवारीको प्रस्तावकमा पार्टी केन्द्रीय सदस्य रामनरेश मण्डल र समर्थकमा चण्डेश्वर राउत रहेको उनका स्वकीय सचिव लक्ष्मण रेग्मीले बताए । यसअघिको निर्वाचनमा पनि पूर्वप्रधानमन्त्री नेपाल सोही निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए । मनोनयन दर्तापछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै सहसंयोजक नेपालले भने, 'नेपाली जनताले भोग्दै आइरहेको गरिबी, बेरोजगारीलगायतका समस्या अन्त्य गर्ने र त्यसका लागि आवश्यक सबै प्रबन्ध गर्ने, युवालाई रोजगारी र सीप उपलब्ध गराउने, देशको अर्थतन्त्रलाई चलायमान बनाउने सोचका साथ उम्मेदवारी दिएको हुँ ।'
यस्तै, नेपाली कम्युनिष्ट पार्टीका नेता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले सर्लाही क्षेत्र नम्बर–३ बाट उम्मेदवारी दर्ता गराएका छन् । उनको प्रस्तावकमा नेता सुरेन्द्र लामा र समर्थकमा विवेक मैनाली रहेको नेता श्रेष्ठका स्वकीय सचिव उपदेश यादवले बताए । यस क्षेत्रबाट २०७९ को निर्वाचनमा माओवादी केन्द्रका उम्मेदवार नरेन्द्र साहलाई झिनो मतान्तरले पराजित गरी नेकपा एमालेका हरिप्रसाद उप्रेती निर्वाचित भएका थिए । यस पटक पनि यस क्षेत्रबाट नेकपा एमालेबाट पूर्वरक्षामन्त्री हरिप्रसाद उप्रेती, राष्ट्रिय स्वतन्त्र पार्टीबाट नरेन्द्र साहको उम्मेदवारी परेको छ ।
त्यस्तै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी दिएका छन् । उनका प्रस्तावक पूर्वमन्त्री शैलेन्द्रप्रसाद साह र समर्थक पूर्व प्रदेशसभा सदस्य विदेश्वर यादव 'बिक्की' रहेका छन् ।
२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा सप्तरी–२ बाट उम्मेदवार बनेका यादव जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग पराजित भएका थिए । त्यसपछि २०८० वैशाखमा सम्पन्न उपनिर्वाचनमा उनी बारा–२ बाट विजयी भएका थिए । यसपटक भने सप्तरी–२ मा राउत पुनः उम्मेदवार बनेपछि यादवले सप्तरी–३ रोजेका हुन् ।
सप्तरी–२ मा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँगै मधेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह पनि चुनावी मैदानमा छन् । सिंहले विगतमा विभिन्न दल परिवर्तन गर्दै राजनीति गरेका छन् । जनमत पार्टीबाट प्रदेशसभा सदस्य हुँदै मुख्यमन्त्री बनेका सिंह यसपटक आफ्नै नयाँ दल दर्ता गरेर राउतविरुद्ध उम्मेदवार बनेका छन् ।
धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका विमलेन्द्र निधिले नेता–कार्यकर्ताको जुलुससहित उम्मेदवारी दर्ता गराएका छन् । २०७४ सालको निर्वाचनमा पराजित भएका निधि २०७९ मा समानुपातिक प्रणालीबाट प्रतिनिधिसभा सदस्य बनेका थिए । सोही क्षेत्रमा नेकपा एमालेबाट जुलीकुमारी महतो पनि उम्मेदवार बनेकी छन् । बाजागाजासहित उम्मेदवारी दर्ता गराएकी महतोले एमालेको समृद्ध नेपाल, सुखी नेपाली अभियान पूरा गर्न जनताको समर्थन आवश्यक रहेको बताइन् ।
त्यस्तै धनुषा ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता मनिष झाको उम्मेदवारीले निर्वाचनलाई थप रोचक बनाउने देखिएको छ ।
सर्लाही निर्वाचन क्षेत्र नम्बर २ बाट राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले प्रतिनिधिसभा सदस्य पदका लागि मनोनयन दर्ता गराएका छन् । अधिकार, पहिचान र मधेशका मुद्दालाई प्रमुख एजेन्डा बनाएर चुनावी मैदानमा उत्रिएको उनको भनाइ छ ।
रौतहट निर्वाचन क्षेत्र नम्बर ३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले वारेसमार्फत उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै रौतहट–२ मा नेपाली कांग्रेसका डा. फिरदोस आलम उम्मेदवार बनेका छन् । उनी कांग्रेस नेता अफताब आलमका छोरा हुन् । यसअघिको निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा पराजित भएका आलम यसपटक कांग्रेसको टिकटबाट प्रतिस्पर्धामा छन् ।
हेभीवेट नेताहरू र नयाँ अनुहारको प्रतिस्पर्धाका कारण मधेशको प्रतिनिधिसभा निर्वाचन यसपटक निकै चासो र उत्सुकताका साथ हेरिएको छ ।

तडकभडक घटेन

निर्वाचन आयोगले उम्मेदवारी मनोनयन गर्न जाँदा बाजागाजालगायत तडकभडक नगर्न आग्रह गरेको भए पनि कतिपय स्थानमा आचारसंहिता उल्लंघन भएको पाइएको छ । उम्मेदवारी दर्ता गर्दा तामझाम नगर्न, २५ जना भन्दा बढीको संख्यामा नेता कार्यकर्ता सहभागी हुन नहुने निर्वाचन आचार संहितामा उल्लेख छ । मधेश प्रदेशका अधिकांश निर्वाचन क्षेत्रमा जिम्मेवार राजनीतिक दलका उम्मेदवार नै बाजागाजासहित ठूलो समूह लिएर आयोगको कार्यालय नजिकसम्म पुगेको स्थानीय सञ्चारकर्मीहरूले बताएका छन् । त्यसैगरी जुलुसमा ससाना बालबालिकासमेत प्रयोग भएको पाइएको छ । निष्पक्ष निर्वाचनका लागि सबै पक्षले सहयोग गर्न निर्वाचन आयोगले आग्रह गरेको छ ।

बारामा पनि मनोनयन

नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुरले आगामी प्रतिनिधिसभा निर्वाचनका लागि बारा निर्वाचन क्षेत्र नम्बर ३ बाट आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।
मंगलबार उनले कलैयास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर मनोनयनपत्र दर्ता गराएका हुन् । नेकपा एमालेका नेता तथा पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ 'किसान' ले बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका लागि आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट रहबर अन्सारीले बारा निर्वाचन क्षेत्र नम्बर ४ बाट आगामी प्रतिनिधिसभा निर्वाचनका लागि आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।
मंगलबार उनले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालय पुगेर मनोनयनपत्र दर्ता गरेका हुन् । पर्सा–१ स्थायी ठेगाना भएका अन्सारीले बारा–४ बाट निर्वाचनमा होमिएका हुन् । उनी यसअघि नेकपा (माओवादी केन्द्र) को केन्द्रीय सदस्य रहिसकेका छन् भने पर्सा–१ (ख) बाट प्रदेशसभा सदस्यसमेत निर्वाचित भएका थिए।

धमाधम मनोनयन

नेकपा एमालेका तर्फबाट प्रदीप यादवले पर्सा निर्वाचन क्षेत्र नम्बर–१ बाट तथा रिमा कुमारी यादवले पर्सा निर्वाचन क्षेत्र नम्बर–२ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् । उनीहरू दलबलसहित जुलुस निकाल्दै जिल्ला समन्वय समिति पर्सास्थित निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् । २९ वर्षीया रिमा कुमारी यादव पर्सा जिल्लाकै सबैभन्दा कम उमेरकी महिला उम्मेदवार बनेकी छन् ।
पूर्व प्रदेश सांसद राजेश्वर प्रसाद साहले आज पर्सा जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभा निर्वाचनका लागि स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।
यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता हरि पन्तले पर्सा निर्वाचन क्षेत्र नम्बर–१ बाट तथा सुशील साह कानुले पर्सा निर्वाचन क्षेत्र नम्बर–२ बाट प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराएका छन् । निर्वाचन अधिकृतको कार्यालय पुगेर उनीहरूले आआफ्नो उम्मेदवारी दर्ता गराएका हुन् । जनमत पार्टीका नेता श्याम गुप्ताले प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।
यस्तै, राप्रपाका युवा नेतृ बिना जैसवालले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट मनोनयन दर्ता गराएकी छिन् ।
निर्वाचनका लागि उज्यालो नेपाल पार्टीका युवा नेता रामकिशोर सिंहले पर्सा क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गरेका छन् । पार्टीका स्थानीय र केन्द्रीय नेतासमेत उपस्थित रहेको कार्यक्रममा सिंहले निर्वाचन कार्यालय पुगेर आफ्नो मनोनयन दर्ता गराएका हुन् ।

मधेशभर मनोनयन शान्तिपूर्ण

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मधेश प्रदेशका ८ जिल्लाका ३२ निर्वाचन क्षेत्रमा शान्तिपूर्ण ढंगले मनोनयन भएको छ ।
राजनीतिक दलका तथा स्वतन्त्र उम्मेदवार नेता कार्यकर्ता, दलबलसहित निर्वाचन आयोग पुगेर मनोनयन दर्ता गराएका छन् । मनोनयनपत्र दर्ता भएका उम्मेदवारविरुद्ध उजुरी दिने अवधि बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म तोकिएको छ । दिउँसो ३ बजेदेखि बिहीबार बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी आयोगले निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने भएको छ ।

पर्सा कांग्रेसको उम्मेदवारी मनोनयन

नेपाली कांग्रेसका तर्फबाट पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा अनिल रूङटा, क्षेत्र नम्बर २ मा अजयकुमार चौरसिया, क्षेत्र नम्बर ३ मा सुरेन्द्र चौधरी र क्षेत्र नं. ४ बाट रमेश रिजालले उम्मेदवारी दर्ता गराएका छन् ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मंगलबार वीरगंजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेर नेताहरुले मनोनयन पत्र दर्ता गराएका हुन् । मनोनयन दर्ताका क्रममा पार्टीका नेता, कार्यकर्ता र समर्थकको ठूलो जुलुससहित उत्साहपूर्ण उपस्थिति देखिएको थियो ।

लामिछानेले बुझाए बैंक ग्यारेन्टी

मधेशदृष्टि
वीरगंज ।
राष्ट्रिय स्वतन्त्रपार्टी (रास्वपा) का सभापति रवि लामिछाने प्रभु बैंकको बैक ग्यारेन्टी बुझाएर रिहा भएका छन् । सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन मुद्दामा पर्सा जिल्ला अदालतले लामिछानेसँग १ करोड रुपैयाँ धरौटी माग गरेको थियो । पर्सा हाजिर भएका लामिछाने मंगलबार नै अदालत उपस्थित भएपछि बयान र थुनछेक भएको थियो । न्यायाधीश रुद्र सुवेदीको इजलासले थुनछेक बहसपछि मंगलबार धरौटी माग गरेको थियो । अदालतले बयानपछि थुनछेक आदेश गरेर धरौटी माग गरेको र माग भएको रकम बुझाएर रिहा भएको तहसिलदार देवराज भट्टराईले जानकारी दिए । जिल्ला सरकारी वकिलको कार्यालय पर्साले ११ करोड ५६ लाख ९४ हजार रुपैयाँ बिगो मागदाबीसहित जेठ ३० गते सहकारी ठगी तथा संगठित अपराध मुद्दाको अभियोगपत्र जिल्ला अदालतमा दर्ता गरेको थियो ।

यी हुन् नेकपाका १६५ उम्मेदवार

यी हुन् नेकपाका १६५ उम्मेदवार काठमाडौँ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फ १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको छ।

नेकपाबाट टिकट पाउनुभएका सबै उम्मेदवारले आआफ्नो निर्वाचन क्षेत्रमा पुगी मनोनयन दर्ता गराउनुभएको पार्टीका नेता गोविन्द आचार्यले जानकारी दिए । बागलुङ-१ मा भने नेकपाले राष्ट्रिय जनमोर्चाका उम्मेदवार लाई समर्थन गरेको छ।

एक सय ६५ निर्वाचन क्षेत्रमध्ये १४ वटा निर्वाचन क्षेत्रमा महिला उम्मेदवार छन् । जसमा कञ्चनपुर-१ बाट वीना मगर, नवलपरासी (पश्चिम)-१ बाट सिन्धु जलेसा, मनाङ-१ बाट यशोधा सुवेदी गुरुङ, चितवन-३ बाट रेनु दाहाल, काठमाडौँ-१० बाट रुपा महर्जन र काठमाडौँ-५ बाट कल्पना शर्मा छन्।

त्यसैगरी काठमाडौँ-१ बाट मेनका भण्डारी, सप्तरी-४ बाट रुवी कुमारी कर्ण, संखुवासभा-१ बाट सरिता खड्का थापा, झापा-२ बाट धर्मसिशला चापागाई र सुनसरी-२ बाट रामकुमारी चौधरी, रौतहट-३ पुनम देवी, काभ्रेपलान्चोक-२ बाट वसुन्धरा हुमागाई र सुनसरी-२ बाट रामकुमारी चौधरी उम्मेदवार छन्।

नेकपाबाट मनोनयन दर्ता गराउनुभएका १६५ उम्मेदवारको विवरण यस प्रकार छ।

ताप्लेजुङ १: खेलप्रसाद बुढाक्षेत्री
पाँचथर १: हर्क बहादुर नेम्वाङ
इलाम १: रणबहादुर राई
इलाम २: ओमबहादुर गुरुङ
झापा १: अशेष घिमिरे
झापा २: धर्मशिला चापागाई
झापा ३ :डिल्ली घिमिरे
झापा ४: पुरुषोत्तम चुडाल
झापा ५: रञ्जित तामाङ
संखुवासभा १: सरिता खड्का थापा
तेह्रथुम १: रणध्वज कन्दङ्वा
भोजपुर १: अजम्बर राई काङमाङ
धनकुटा १: धर्म प्रसाद पौडेल
मोरङ १: कुलप्रसाद साम्बा
मोरङ २ :चन्द्रवीर राई
मोरङ ३: डा देवमान सम्वाहाङफे
मोरङ ४: अमनलाल मोदी
मोरङ ५: शिवकुमार मण्डल
मोरङ ६: ओपेन्द्र कुमार राय
सुनसरी १: सुर्य बहादुर भट्टराई
सुनसरी २: रामकुमारी चौधरी
सुनसरी ३: दुर्गेश चौधरी
सुनसरी ४: महमद महफुज अंसारी
सोलुखुम्बु १: असिम राई
खोटाङ १: हरि रोका
ओखलढुङ्गा १: अम्बिर बाबु गुरुङ
उदयपुर १: वलदेव चौधरी
उदयपुर २: सुरेश कुमार राई
सप्तरी १: रविन्द्र चौधरी
सप्तरी २: सूर्यनाथ प्रसाद यादव
सप्तरी ३: अरुण कुमार साह
सप्तरी ४: रुवी कुमारी कर्ण
सिराहा १: रामचन्द्र यादव
सिराहा २: मुक्ति सिंह
सिराहा ३: विश्वनाथ साह
सिराहा ४: अजय शंकर नायक
धनुषा १: मातृका प्रसाद यादव
धनुषा २: रामचन्द्र झा
धनुषा ३: राम ललित मण्डल
धनुषा ४: संजय कुमार महतो
महोत्तरी १: गिरिराजमणि पोखेल
महोत्तरी २: लक्ष्मण यादव
महोत्तरी ३: राजकिशोर साह सुडी
महोत्तरी ४: भरतप्रसाद साह
सर्लाही १: प्रमोद साह
सर्लाही २: महिन्द्र राय यादव
सर्लाही ३: नारायणकाजी श्रेष्ठ
सर्लाही ४: रगनिस राय यादव
रौतहट १: माधव कुमार नेपाल
रौतहट २: किरण साह
रौतहट ३: पुनम देवी
रौतहट ४: रामकुमार भट्टराई
बारा १: सन्तोष दंगाल
बारा २: रमेश प्रसाद यादव
बारा ३: भरत प्रसाद साह
बारा ४: अजय कुशवाहा
पर्सा १: अजय चौरासिया
पर्सा २: मनोज चौधरी
पर्सा ३: छोटेलाल यादव
पर्सा ४: जयप्रकास थारु
दोलखा १: बिशाल खड्का
रामेछाप १: श्याम कुमार श्रेष्ठ
सिन्धुली १: डेकेन्द्र सुबेदी
सिन्धुली २: लेखनाथ दाहाल
रसुवा १: माधव लामिछाने
धादिङ १: राजेन्द्र प्रसाद पाण्डे
धादिङ २: राम बहादुर भण्डारी
नुवाकोट १: हित बहादुर तामाङ
नुवाकोट २: हिरानाथ खतिवडा
काठमाडौँ १: मेनका भण्डारी
काठमाडौँ २: नितेश पौडेल
काठमाडौँ ३: निरज लामा
काठमाडौँ ४: इन्द्र भुसाल
काठमाडौँ ५: कल्पना शर्मा
काठमाडौँ ६: हेमलाल शर्मा (हिमाल)
काठमाडौँ ७: बसन्त प्रसाद मानन्धर
काठमाडौँ ८: सुमन सायमी
काठमाडौँ ९: राधाकृष्ण महर्जन
काठमाडौँ १०: रुपा महर्जन
भक्तपुर १: हरिराम लवजु
भक्तपुर २: रामप्रसाद सापकोटा (दिपशिखा)
ललितपुर १: सुनिल महर्जन
ललितपुर २: राजेन्द्र अमात्य
ललितपुर ३: राजकाजी महर्जन
काभ्रेपलान्चोक १: दिनानाथ गौतम
काभ्रेपलान्चोक २: बसुन्धरा हुमागाई
सिन्धुपाल्चोक १: माधव सापकोटा
सिन्धुपाल्चोक २: युवराज दुलाल
मकवानपुर १: विजय गौतम
मकवानपुर २: लवशेर बिष्ट
चितवन १: डा कृष्ण पन्त
चितवन २: प्रताप गुरूङ
चितवन ३: रेणु दाहाल
गोरखा १: हरिराज अधिकारी
गोरखा २: लेखनाथ न्यौपाने
मनाङ १: यशोदा सुवेदी गुरुङ
लमजुङ १: हरिजंग तामाङ
कास्की १: राजकाजी गुरुङ
कास्की २: हेमबहादुर थापा
कास्की ३: गोपाल गिरी
तनहुँ १: विध्यानाथ ढकाल
तनहुँ २: सोमबहादुर थापा
स्याङ्जा १: शैलेन्द्र घिमिरे
स्याङ्जा २: पदम विश्वकर्मा
नवलपरासी (पूर्व) १: लोकप्रसाद भुर्तेल
नवलपरासी (पूर्व) २: गणेशमान महतो
मुस्ताङ १: मुटुक गुरुङ
म्याग्दी १: अर्जुन थापा
बागलुङ १: जनमोर्चा
बागलुङ २: ज्ञाननाथ गैरे
पर्वत १: मनहरी शर्मा
गुल्मी १: सुर्दशन बराल
गुल्मी २: श्रीराम महत
पाल्पा १: होमबहादुर सुनारी
पाल्पा २: सोमप्रसाद पाण्डे
अर्घाखाँची १: रामबहादुर चौहान
नवलपरासी (पश्चिम) १: सिन्धु जलेशा
नवलपरासी (पश्चिम) २: देबेन्द्र पौडेल
रुपन्देही १: घनश्याम यादव
रुपन्देही २: सुभाष पाण्डे (विश्वदीप)
रुपन्देही ३: फैज अहमद खान
रुपन्देही ४: बाबुलाल यादव
रुपन्देही ५: वकिल मुसलमान
कपिलवस्तु १: कृष्ण कुँवर:
कपिलवस्तु २: बृजेश कुमार गुप्ता
कपिलवस्तु ३: एहसन अहमद खाँ
पूर्वी रुकुम १: पुष्पकमल दाहाल'प्रचण्ड'
रोल्पा १: वर्षमान पुन
प्युठान १: कृष्णध्वज खड्का
दाङ १: मेटमणि चौधरी
दाङ २: निर्मल आचार्य
दाङ ३: धनबहादुर मास्की
बाँके १: नरेन्द्र पाण्डे
बाँके २: दिपेन्द्र विष्ट
बाँके ३: दिपक जिएम
बर्दिया १: विष्णु प्रसाद थारु
बर्दिया २: सुरेश पन्थः सल्यान १: रमेश कुमार मल्ल
डोल्पा १: धनबहादुर बुढा
मुगु १: चन्द्रबहादुर शाही
जुम्ला १: नरेश भण्डारी
कालिकोट १: महेन्द्र बहादुर शाही
हुम्ला १: दिपेन्द्र रोकाया
जाजरकोट १: शक्ति बहादुर बस्नेत
दैलेख १: अम्बर बहादुर थापा
दैलेख २: योगेन्द्र शाही
सुर्खेत १: जीतबहादुर राना
सुर्खेत २: झकबहादुर मल्ल
पश्चिम रुकुम १: गोपाल शर्मा
बाजुरा १: प्रकाश बहादुर शाह
अछाम १: भिम बहादुर रावल
अछाम २: बलबहादुर कुँबर
बझाङ १: मीन बहादुर कुँवर
डोटी १: त्रिलोचन भट्ट
कैलाली १: रामलाल डगौरा थारु
कैलाली २: नन्दबहादुर साउद
कैलाली ३: वीरमान चौधरी
कैलाली ४: हरिराम चौधरी
कैलाली ५: प्रेम आले
दार्चुला १: लक्ष्मणदत्त जोशी
बैतडी १: परमानन्द भट्ट
डडेल्धुरा १: मानसिंह माल
कञ्चनपुर १: विना मगर
कञ्चनपुर २: माधव पन्त
कञ्चनपुर ३: मानबहादुर सुनार

कांग्रेसद्वारा १६५ निर्वाचन क्षेत्रमा मनोनयन दर्ता (उम्मेदवारको सूची)

काठमाडौँ।

नेपाली कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि आज मुलुकभर १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएको छ।

निर्वाचन आयोगको कार्यतालिकाअनुसार माघ ६ गते कांग्रेसका उम्मेदवारले सबै निर्वाचन क्षेत्रमा उम्मेदवारी मनोनयन दर्ता गरेको पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिए।

विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेसको पदाधिकारी सम्मिलित संसदीय बोर्डले आजैमात्र सबै निर्वाचन क्षेत्रका लागि पार्टीको आधिकारिक उम्मेदवारको टुङ्गो लगाएको थियो । कांग्रेसले सुदूरपश्चिमका १६, कर्णालीका १२, लुम्बिनीका २६, गण्डकीका १८, बागमतीका ३३, मधेसका ३२ र कोशी प्रदेशका २८ निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएको हो।

कांग्रेस पदाधिकारीमध्ये सभापति गगनकुमार थापाले सर्लाही-४, महामन्त्री प्रदीप पौडेल काठमाडौँ-४, गुरुराज घिमिरे मोरङ-४ निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएका छन् । उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसालले भने यो निर्वाचनमा उम्मेदवारी दिएका छैनन्।

अन्य सबै उम्मेदवारको नाम यसप्रकार रहेको छ :

कोशी प्रदेश

ताप्लेजुङ- गजेन्द्रप्रसाद तुम्याङ लिम्बू
पाँचथर-नरेन्द्रकुमार केरूङ
इलाम-१: निस्कल राई
इलाम-२: भेषराज आचार्य
झापा-१: केशवराज पाण्डे
झापा-२: सरिता प्रसाईं
झापा-३: राजेन्द्र घिमिरे
झापा-४: देउमान थेबे
झापा-५: मन्धरा चिमरिया
मोरङ-१ खड्गबहादुर फागो
मोरङ-२ डा. मीनेन्द्र रिजाल
मोरङ-३ डा. सुनिल शर्मा
मोरङ-४ गुरूराज घिमिरे
मोरङ-५ फूलकुमार लालबानी
मोरङ-६ डा. शेखर कोइराला
सुनसरी-१ सुजेन्द्र तामाङ
सुनसरी-२ राजिब कोइराला
सुनसरी-३ विजयकुमार गच्छदार
सुनसरी-३ ज्ञानेन्द्रबहादुर कार्की
धनकुटा-दिनेश राई
तेह्रथुम-सन्तोष सुब्बा
संखुवासभा-प्रकाशसिंह कार्की
ओखलढुंगा-कुमार लुइँटेल
खोटाङ-वीरकाजी राई
उदयपुर-१: विदुर बस्नेत
उदयपुर-२: रामकुमार राई

मधेश प्रदेश

सप्तरी-१: रामदेव साह
सप्तरी-२: रामकुमार यादव
सप्तरी-३: दिनेशकुमार यादव
सप्तरी-४: तेजुलाल चौधरी
सिराह-१: रामसुन्दर चौधरी
सिराह-२: रामचन्द्र यादव
सिराह-३: सुभाषचन्द्र यादव
सिराह-४: चन्द्रकलाकुमारी यादव
धनुषा-१: रामपल्टन यादव
धनुषा-२: दिनेश पर्सेला
धनुषा-३: विमलेन्द्र निधि
धनुषा-४: महेन्द्र यादव
महोत्तरी-१: मुकेशराज काफ्ले
महोत्तरी-२: किरण यादव
महोत्तरी-३: बजरंग नेपाली
महोत्तरी-४: महेन्द्रकुमार राय
सर्लाही-१: शम्भुलाल श्रेष्ठ
सर्लाही-२: डा. सरोज यादव
सर्लाही-३: विनोद खनाल
सर्लाही-४: गगनकुमार थापा
रौतहट- १: अनिलकुमार झा
रौतहट-२: फिर्दोश आलम
रौतहट-३: रामकृपाल यादव
रौतहट-४: देवप्रसाद तिमिल्सिना
बारा-१: शम्भु बुढाथोकी
बारा-२: भैयाराम चौधरी
बारा-३: फरमुल्लाह मन्सुर
बारा-४: श्यामबाबु गुप्ता
पर्सा-१: अनिलकुमार रूंगटा
पर्सा-२: अजय चौरसिया
पर्सा-३: सुरेन्द्रप्रसाद चौधरी
पर्सा-४: श्यामबाबु गुप्ता

बागमती प्रदेश

दोलखा-अजयबाबु शिवाकोटी
रामेछाप-रामचन्द्र खड्का
सिन्धुली-१: उज्जवल बराल
सिन्धुली-२: सुशीला थिङ
रसुवा-मोहन आचार्य
काभ्रे-१: गुणराज मोक्तान
काभ्रे-२: मधु आचार्य
सिन्धुपाल्चोक- १: जंगबहादुर लामा
सिन्धुपाल्चोक-२: वंशलाल तामाङ
धादिङ- १: कृष्ण रिजाल
धादिङ- २: रमेशप्रसाद धमला
नुवाकोट- १: डा. प्रकाशशरण महत
नुवाकोट-२: जगदिश्वरनरसिंह केसी
मकवानपुर- १: महालक्ष्मी (डिना)उपाध्याय
मकवानपुर-२: बुद्ध लामा
भक्तपुर- १: किरण न्यौपाने
भक्तपुर- २: कबिर राणा
काठमाडौं-१: प्रबल थापा
काठमाडौं-२: कबिर शर्मा
काठमाडौं-३: रमेश अर्याल
काठमाडौं-४: सचिन तिमल्सिना
काठमाडौं-५: प्रदीप पौडेल
काठमाडौं-६: कृष्ण सबुज बानियाँ
काठमाडौं-७: प्रमोद हरि गुरागाइ
काठमाडौं-८: सपना राजभण्डारी
काठमाडौं-९: नानु बस्तोला
काठमाडौं-१०: हिमाल कार्की
चितवन- १: राजन वुर्लाकोटी/ वासु ढुंगाना
चितवन- २: मीनाकुमारी खरेल
चितवन- ३: टेकप्रसाद गुरूङ
ललितपुर-१: उदयशम्शेर राणा
ललितपुर-२: प्रेमकृष्ण महर्जन
ललितपुर-३: जितेन्द्रकुमार श्रेष्ठ

गण्डकी प्रदेश

गोरखा-१: प्रेमप्रकाश खत्री
गोरखा-२: प्रकाशचन्द्र दवाडी
लमजुङ-गमप्रसाद गुरूङ
तनहुँ- १: गोविन्द भट्टराई
तनहुँ- २: शंकर भण्डारी
कास्की- १: तिलकबहादुर रानाभाट
कास्की-२: माधवप्रसाद बास्तोला
कास्की-३: मनोज गुरूङ
मनाङ-टेकबहादुर गुरूङ
मुस्ताङ-योगेन्द्र गौचन
पर्वत-अर्जुनप्रसाद जोशी
स्याङ्जा- १: भरतराज ढकाल
स्याङ्जा-२: भागवतप्रकाश मल्ल
म्याग्दी-कर्णबहादुर भण्डारी
बाग्लुङ- १: भीमबहादुर श्रीस
बाग्लुङ- २: टेकराज पौडेल
नवलपुर-१: बालकृष्ण घिमिरे/ गजेन्द्र आले
नवलपुर-२:ओमबहादुर घर्ती

लुम्बिनी प्रदेश

परासी- १: विनोदकुमार चौधरी
परासी-२: देवेन्द्रराज कँडेल
रुपन्देही-१: हिराबहादुर खत्री
रुपन्देही-२: चुन्नप्रसाद शर्मा
रुपन्देही-३: सुशील गुरूङ
रुपन्देही-४: आशुतोष मिश्र
रुपन्देही-५: भरतकुमार शाह
पाल्पा-१: सन्दीप राना
पाल्पा-२: हिमालदत्त श्रेष्ठ
गुल्मी-१: चन्द्रकान्त भण्डारी
गुल्मी-२: भुवनप्रसाद श्रेष्ठ
अर्घाखाँची-विष्णुप्रसाद खनाल
प्यूठान-डा. गोविन्दराज पोखरेल
रोल्पा-डा. सुदनकुमार वली
रूकुम पूर्व-कुशुमदेवी थापामगर
कपिलवस्तु- १: अहतर कमाल
कपिलवस्तु- २: सुरेन्द्रराज आचार्य
कपिलवस्तु-३: अभिषेकप्रताप शाह
दाङ- १: योगेन्द्र चौधरी
दाङ- २: किरणकिशोर घिमिरे
दाङ- ३: दिपक गिरी
बाँके- १: नारायणप्रसाद गौडेल
बाँके- २: सुधान्सु कोइराला
बाँके-३: अमरसिंह पुन
बर्दिया-१: सञ्जयकुमार गौतम
बर्दिया-२: किशोरसिंह राठोर

कर्णाली प्रदेश

सुर्खेत-१: विष्णुबहादुर खड्का
सुर्खेत-२: नारायण कोइराला
दैलेख-१: बास्ना थापा
दैलेख-२: दिक्पालकुमार शाही
जाजरकोट-खड्कबहादुर बुढा
सल्यान-केशबहादुर विष्ट
डोल्पा-कर्णबहादुर बुढा
जुम्ला-दिपबहादुर शाही
रूकुम पश्चिम-राजु केसी
हुम्ला-जयपति रोकाया
मुगु-खड्ग शाही
कालिकोटा-हर्षबहादुर बम

सुदूरपश्चिम प्रदेश

बाजुरा- जनकराज गिरी
अछाम-१: भरतकुमार स्वार
अछाम-२: पुष्पबहादुर शाह
डोटी-भरतबहादुर खड्का
बैतडी-चतुरबहादुर चन्द
दार्चुला-धर्मानन्द जोशी
बझाङ-प्रकाश रसाइली 'स्नेही'
डडेल्धुरा-नैनसिंह महर
कैलाली- १: जनकराज चौधरी
कैलाली- २: विजयबहादुर स्वार
कैलाली-३: भीम बडुवाल
कैलाली-४: गोरख बहादुर विष्ट
कैलाली- ५: नरनारायण शाह
कञ्चनपुर- १: गोपीप्रसाद उपाध्याय
कञ्चनपुर- २: एनपी साउद
कञ्चनपुर-३: हरिप्रसाद बोहरा

यी हुन् राप्रपाका देशभरका उम्मेदवार

मधेशदृष्टि
वीरगंज।

आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयन दर्ता गराएको छ।

प्रवक्त मोहनकुमार श्रेष्ठले यसबारे जानकारी दिँदै परिणामको जिम्मा अब जनतालाई नै सुम्पिएको बताएका छन्।

अध्यक्ष राजेन्द्र लिङदेनले झापा ३ बाट मनोनयन दर्ता गराएका छन्।

यस्तो छ देशभरिको सूची

ताप्लेजुङ-इन्द्र प्रसाद थापा
पाँचथर-तेज कुरुम्वाङ
इलाम क्षेत्र नं १-ज्वाला नेपाल दाहाल
इलाम क्षेत्र नं २-गणेश प्रसाद दुलाल
झापा क्षेत्र नं १-डा.हेमराज कार्की
झापा क्षेत्र नं २-भद्रप्रसाद नेपाल (स्वागत नेपाल)
झापा क्षेत्र नं ३-राजेन्द्र प्रसाद लिङ्देन
झापा क्षेत्र नं ४-भक्ति प्रसाद सिटौला
झापा क्षेत्र नं ५-लक्ष्मी प्रसाद संग्रौला
संखुवासभा-पदम बहादुर तामाङ
तेह्रथुम-होमभक्त कुरुम्वाङ
भोजपुर-जनक नेपाल
धनकुटा-बिभत्सु थापा
मोरङ्ग क्षेत्र नं १-पुर्ण बहादुर वाइवा
मोरङ्ग क्षेत्र नं २-बंशराज राजवंशी
मोरङ्ग क्षेत्र नं ३-प्रेम सुवेदी
मोरङ्ग क्षेत्र नं ४-माधब आचार्य
मोरङ्ग क्षेत्र नं ५-कुमुद राय
मोरङ्ग क्षेत्र नं ६-सबिन निरौला
सुनसरी क्षेत्र नं १-उद्धव श्रेष्ठ
सुनसरी क्षेत्र नं २-दिनेश कुमार बस्नेत
सुनसरी क्षेत्र नं ३-घनश्याम गुरुङ
सुनसरी क्षेत्र नं ४-प्रेमप्रसाद भट्टराई
सोलुखुम्बु-राजेन्द्र बस्नेत
ओखलढुंगा-डिक प्रसाद बास्तोला
खोटाङ-दिपक तामाङ
उदयपुर क्षेत्र नं १-सुभाष चन्द्र खड्का
उदयपुर क्षेत्र नं २-विष्णु बहादुर खड्का
सप्तरी क्षेत्र नं १-सत्यजित कुमार झा
सप्तरी क्षेत्र नं २-अजय कुमार दास
सप्तरी क्षेत्र नं ३-उम्देश्वर साह
सप्तरी क्षेत्र नं ४-रुपकुमार न्यौपाने
सिराहा क्षेत्र नं १-वासुदेब साह
सिराहा क्षेत्र नं २-श्यामकिशोर साह हलुवाई
सिराहा क्षेत्र नं ३-देवदयाल सिंह
सिराहा क्षेत्र नं ४-शुभेन्द्र कुमार साह
धनुषा क्षेत्र नं १-मनोज मल्ल ठकुरी
धनुषा क्षेत्र नं २-बिहेश्वर मण्डल
धनुषा क्षेत्र नं ३-हुसेनी कवाडी
धनुषा क्षेत्र नं ४- रामबाबु साह
महोत्तरी क्षेत्र नं १-होमप्रसाद पोखरेल
महोत्तरी क्षेत्र नं २-रामलखन साह
महोत्तरी क्षेत्र नं ३-राजेश्वर राय यादव
महोत्तरी क्षेत्र नं ४-सुनील कुमार सिंह
सर्लाही क्षेत्र नं १-सूर्यनारायण यादव
सर्लाही क्षेत्र नं २-राजकिशोर राय यादव
सर्लाही क्षेत्र नं ३-ढोलाराम वाराकोटी
सर्लाही क्षेत्र नं ४-प्रदीप झा
रौतहट क्षेत्र नं १-श्रीराम साह
रौतहट क्षेत्र नं २-रबीन्द्र प्रसाद साह
रौतहट क्षेत्र नं ३-सिकिन्द्र प्रसाद साह
रौतहट क्षेत्र नं ४-बहादुर यादव (रुपलाल यादव)
बारा क्षेत्र नं १-लक्ष्मी साह कलवार
बारा क्षेत्र नं २-लाल बहादुर प्रसाद तेली
बारा क्षेत्र नं ३-राजेन्द्र प्रसाद जयसवाल
बारा क्षेत्र नं ४-दिलीपकुमार शर्मा नेपाल
पर्सा क्षेत्र नं १-नन्दकिशोर प्रसाद श्रीवास्तव
पर्सा क्षेत्र नं २-विना जैसवाल
पर्सा क्षेत्र नं ३-नवीन कुमार सिंह
पर्सा क्षेत्र नं ४-शान्त कुमार जोशी
दोलखा क्षेत्र नं १-प्रविण कुमार थोकर तामाङ
रामेछाप-गोरेबहादुर तामाङ
सिन्धुली क्षेत्र नं १-रामनारायण अधिकारी दनुवार
सिन्धुली क्षेत्र नं २-प्रा.डा. मुकुन्द प्रसाद गजुरेल
रसुवा-हरिप्रसाद घिमिरे
नुवाकोट क्षेत्र नं १-बिमल थापा
नुवाकोट क्षेत्र नं २-झनक प्याकुरेल
धादिङ क्षेत्र नं १- गीताप्रसाद आचार्य
धादिङ क्षेत्र नं २-सुरेश रिजाल
काठमाडौं क्षेत्र नं १-रबिन्द्र मिश्र
काठमाडौं क्षेत्र नं २-कुन्ती देवी पोखरेल
काठमाडौं क्षेत्र नं ३-डा. सुन्दर सिंह बोहोरा
काठमाडौं क्षेत्र नं ४-डा. सुरेन्द्र भण्डारी
काठमाडौं क्षेत्र नं ५-कमल थापा
काठमाडौं क्षेत्र नं ६-उद्धब राज भेटवाल
काठमाडौं क्षेत्र नं ७-लालकुमार लामा
काठमाडौं क्षेत्र नं ८-नविन साही
काठमाडौं क्षेत्र नं ९-दिलिप कुमार कार्की
काठमाडौं क्षेतेर नं १०-बलराम थापा
भक्तपुर क्षेत्र नं १-भरत बहादूर खडका
भक्तपुर क्षेत्र नं २-विक्रम थापा
ललितपुर क्षेत्र नं १-ई. सजिना कार्की
ललितपुर क्षेत्र नं २-रघुबर राज थापा
ललितपुर क्षेत्र नं ३-सबिन खड्का
काभ्रेपलाञ्चोक क्षेत्र नं १-नबराज सत्याल
काभ्रेपलाञ्चोक क्षेत्र नं २-रन्जिब श्रेष्ठ
सिन्धुपाल्चोक क्षेत्र नं १-राममणि न्यौपाने
सिन्धुपाल्चोक क्षेत्र नं २-ई. गोपिकृष्ण चौलागाई
मकवानपुर क्षेत्र नं १-दिपक बहादुर सिंह
मकवानपुर क्षेत्र नं २-राम बहादुर थोकर
चितवन क्षेत्र नं १-बलराम खनाल
चितवन क्षेत्र नं २-जगदीश अधिकारी
चितवन क्षेत्र नं ३-दिपक थापा मगर
मनाङ्ग-कुबेर सिंह गुरूङ्ग
लमजुङ-क्या.केबिन्द्र जंग गुरूङ्ग
कास्की क्षेत्र नं १-बाबुराम थापा
कास्की क्षेत्र नं २-हेमजंग गुरूङ्ग
कास्की क्षेत्र नं ३-अर्जुन खनाल
तनहुँ क्षेत्र नं १-अभिषेक जोशी
तनहुँ क्षेत्र नं २-यम बहादुर खाँण ठकुरी
गोरखा क्षेत्र नं १-केदारमणि खनाल
गोरखा क्षेत्र नं २-कुलबहादुर बस्नेत
स्याङ्जा क्षेत्र नं १-हुकुम बहादुर राना
स्याङ्जा क्षेत्र नं २-रबिन पाठक
नवलपरासी (पूर्व) क्षेत्र नं १-दिपक चन्द्र बस्ताकोटी
नवलपरासी (पूर्व) क्षेत्र नं २-रून कुमारी महतो
मुस्तांग-श्रीमती कमला लालचन
म्याग्दी-डम्बर बहादुर सुबेदी
बागलुङ क्षेत्र नं १-कल्याण बिक्रम आचार्य
बागलुङ क्षेत्र नं २- अञ्चल शाही ठकुरी
पर्वत-दुर्गा बहादुर मल्ल
गुल्मी क्षेत्र नं १-अजित कुमार श्रेष्ठ
गुल्मी क्षेत्र नं २-जनक सेन
पाल्पा क्षेत्र नं १-बृहस्पति अर्याल
पाल्पा क्षेत्र नं २-डुल बहादुर ककक्वर
अर्घाखाँची-झविन्द्र फुल्लेल
रुपन्देही क्षेत्र नं १-प्रज्वल बोहोरा
रुपन्देही क्षेत्र नं २-कार्भिका थापा
रुपन्देही क्षेत्र नं ३-गौरव बोहोरा
रुपन्देही क्षेत्र नं ४-अहमद्धिन खान
रुपन्देही क्षेत्र नं ५-मीन प्रसाद घिमिरे
कपिलवस्तु क्षेत्र नं १-शत्रुघन प्रसाद चौधरी
कपिलवस्तु क्षेत्र नं २-बिष्णु प्रसाद भण्डारी
कपिलवस्तु क्षेत्र नं ३-प्रेमशंकर शुक्ला
रुकुम पूर्व-रोशनध्वज शाह
रुकुम पश्चिम-गोपाल खड्का
रोल्पा-अम्मर बहादुर थापा
प्यूठान-धनेश्वर पण्डित
दाङ क्षेत्र नं १-बिनय बुढाथोकी
दाङ क्षेत्र नं २-ऋषिकेश पोखरेल
दाङ क्षेत्र नं ३-दामोदर भण्डारी
बाँके क्षेत्र नं १-प्रदीप कुमार शाह
बाँके क्षेत्र नं २-ऋषिराज देवकोटा
बाँके क्षेत्र नं ३- तारक सिंह थारू
बर्दिया क्षेत्र नं १-बिरबहादुर कामी
बर्दिया क्षेत्र नं २-सुशील चौधरी
नवलपरासी (पश्चिम) क्षेत्र नं १-नवनित कुमार मिश्र
नवलपरासी (पश्चिम) क्षेत्र नं २-ध्रुब बहादुर प्रधान
सल्यान-अनिशा नेपाली
डोल्पा-हरिप्रसाद डाँगी
मुगु-बल बहादुर मल्ल
हुम्ला-छक्क बुढा
जुम्ला-ज्ञान बहादुर शाही(ज्ञानेन्द्र शाही)
कालिकोट-सुर्यबहादुर शाह
जाजरकोट-कृष्ण विक्रम शाह
दैलेख क्षेत्र नं १-रणबहादुर सिंह
दैलेख क्षेत्र नं २-बबिता शाही
सुर्खेत क्षेत्र नं १-रवि किरण हमाल
सुर्खेत क्षेत्र नं २-कविराम पुरी
रुकुम पश्चिम-गोपाल खड्का
बाजुरा-केशरबहादुर शाही
अछाम क्षेत्र नं १-लोकेन्द्र बहादुर शाह
अछाम क्षेत्र नं २-मीनबहादुर शाही
बझाङ्ग- बिश्व प्रकाश जेठारा
डोटी- खडग प्रसाद अग्रवाल
कैलाली क्षेत्र नं १-लोकेन्द्र कुँवर
कैलाली क्षेत्र नं २-भरत सिंह वि.सी.
कैलाली क्षेत्र नं ३-बिरेन्द्र बम
कैलाली क्षेत्र नं ४-कमल बम रजवार
कैलाली क्षेत्र नं ५- रोशन शाही
दार्चुला-राजेश बहादुर चन्द
बैतडी-भुपेन बहादुर चन्द
डडेलधुरा- गोविन्द खडायत
कन्चनपुर क्षेत्र नं १- डिल्ली बहादुर शाही
कन्चनपुर क्षेत्र नं २- तिर्थ राज चटौत
कन्चनपुर क्षेत्र नं ३- पूर्ण बहादुर चन्द

रौतहटमा पूर्व प्रधानमन्त्रीदेखि पूर्वमन्त्री चुनावी मैदानमा

राकेश यादव
रौतहट ।
आउदो फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनका लागि मनोयन पत्र दर्ताको कार्य सम्पन्न भएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचनको लागि देशभरका १ सय ६५ निर्वाचन क्षेत्रमा मनोयन पत्र दर्ता भएको छ । जेन्जी आन्दोलनपछि हुनलागेका प्रतिनिधि सभाको निर्वाचनका लागि रौतहटमा पूर्वप्रधानमन्त्रीदेखि पूर्वमन्त्री र राज्यमन्त्रीले उम्मेदवारी दर्ता गराएका छन् ।
पूर्व प्रधानमन्त्री एवम् नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपाल, नेपाल सरकारका पूर्वउद्योगमन्त्री अनिल कुमार झा, नेपाली कांग्रेस पार्टीका तर्फबाट प्रदेश सरकारका पूर्वकृषिराज्यमन्त्री योगेन्द्र राय यादवले जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीको साझा उम्मेदवारको रुपमा रौतहट क्षेत्र नम्बर १ बाट निर्वाचन आयोग नेपालको पूर्वनिर्धारित कार्यक्रम अनुसार मनोयन पत्र दर्ता गराएका हुन् ।
नेकपा एमालेका तर्फबाट पूर्व नगरप्रमुख अजय कुमार गुप्ता, राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट राजेश चौधरी, जनमत पार्टीका तर्फबाट देवेन्द्र मिश्र, आम जनता पार्टीबाट त्रिभुवन साह, जनअधिकार पार्टीबाट संजय यादवले उम्मेदवारी दर्ता गराएका छन् ।
रौतहट निर्वाचन क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसको तर्फबाट डाक्टर मोहमद फिर्दोश आलम, नेकपा एमालेबाट मो महमद अतिउल्लाह, नेपाली कम्युनिस्ट पार्टीबाट पूर्व सांसद किरण कुमार साह, जनता समाजबादी पार्टीबाट राम आशिष यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट शेख सगीर, आम जनता पार्टीबाट भगवान पटेलले उम्मेदवारी दर्ता गराएका छन् ।
रौतहट निर्वाचन क्षेत्र नम्बर ३ बाट नेपाली कांग्रेसबाट राम कृपाल यादव, नेकपा एमालेबाट पूर्वप्रदेश सांसद कुन्दन कुशवाहा, नेपाली कम्युनिस्ट पार्टीबाट समाजसेवी चर्चित महिला पुनम यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रविन्द्र पटेल धिरज, आम जनता पार्टीका राष्ट्रिय अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साह, जनता समाजवादी पार्टीबाट गोविन्द चौधरी, जनमत पार्टीबाट शेख प्रबेज आलम, नेपाल मजदुर किसान पार्टीबाट रेखा पटेलले उम्मेदवारी दर्ता गराएका छन् ।
रौतहट निर्वाचन क्षेत्र नम्बर ४ बाट नेपाली कांग्रेसका देव प्रसाद तिमिल्सिना, नेकपा एमालेबाट रामजी साह, नेपाली कम्युनिस्ट पार्टीबाट रामकुमार भट्टराई, आम जनता पार्टीबाट सञ्चारकर्मी ऋषि धमला, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश पौडेललगायतले उम्मेदवारी दिएको प्रमुख निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



उम्मेदवारी दर्ता: सर्लाहीको निर्वाचन क्षेत्र नं. २– (नेकपा) का उम्मेदवार यादव उम्मेदवारी दर्ता गराउने क्रममा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मङ्गलबार निर्वाचन अधिकृतको कार्यालयमा सर्लाहीको निर्वाचन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दर्ता गराउने क्रममा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार महीन्द्र राय यादव ।

माधव नेपाल रौतहट–१ बाट उम्मेदवार

मधेशदृष्टि
रौतहट ।
नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रतिस्पर्धा गर्न रौतहट निर्वाचन क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराएका छन् ।
नेता नेपालको उम्मेदवारीको प्रस्तावकमा पार्टी केन्द्रीय सदस्य रामनरेश मण्डल र समर्थकमा चण्डेश्वर राउत रहेको उनका स्वकीय सचिव लक्ष्मण रेग्मीले जानकारी दिए । यसअघिको निर्वाचनमा पनि पूर्वप्रधानमन्त्री नेपाल सोही निर्वाचन क्षेत्रबाट निर्वाचित भएका थिए ।
मनोनयन दर्तापछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै सहसंयोजक नेपालले नेपाली जनताले भोग्दै आइरहेको गरिबी, बेरोजगारीलगायतका समस्या अन्त्य गर्ने र त्यसका लागि आवश्यक सबै प्रबन्ध गर्ने, युवालाई रोजगारी र सीप उपलब्ध गराउने, देशको अर्थतन्त्रलाई चलायमान बनाउने सोचका साथ उम्मेदवारी दिएको बताए ।

नारायणकाजी श्रेष्ठ सर्लाही–३ बाट उम्मेदवार

सर्लाही ।
नेपाली कम्युनिष्ट पार्टीका नेता तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले सर्लाही क्षेत्र नम्बर–३ बाट उम्मेदवारी दर्ता गराएका छन् ।
उनको प्रस्तावकमा नेता सुरेन्द्र लामा र समर्थकमा विवेक मैनाली रहेको नेता श्रेष्ठका स्वकीय सचिव उपदेश यादवले जानकारी दिए ।
यस क्षेत्रबाट २०७९ को निर्वाचनमा माओवादी केन्द्रका उम्मेदवार नरेन्द्र साहलाई झिनो मतान्तरले पराजित गरी नेकपा एमालेका हरिप्रसाद उप्रेती निर्वाचित भएका थिए ।
यस पटक पनि यस क्षेत्रबाट नेकपा एमालेबाट पूर्वरक्षामन्त्री हरिप्रसाद उप्रेती, राष्ट्रिय स्वतन्त्र पार्टीबाट नरेन्द्र साहको उम्मेदवारी परेको छ । रासस

सप्तरीबाट उपेन्द्र यादवको उम्मेदवारी



मधेशदृष्टि
सप्तरी ।
अगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गर्न जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सप्तरी क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दर्ता गराएका छन् ।
यसअघिको निर्वाचनमा उनी सप्तरी क्षेत्र नं २ बाट उम्मेदवार बनेका थिए । त्यसबखत उनी जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पराजित भएका थिए ।

रौतहटबाट अनिल झाको उम्मेदवारी

मधेशदृष्टि
रौतहट ।
पूर्वमन्त्री अनिल झाले नेपाली कांग्रेसको तर्फबाट रौतहट क्षेत्र नं १ मा उम्मेदवारी दर्ता गराएका छन् । झाले रौतहट क्षेत्र नं. १ को निर्वाचन कार्यालयमा उम्मेदवारी दर्ता गराएका हुन् ।
झा विसं २०७४ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए । विसं २०७९ को निर्वाचनमा भने उनी धनुषाको क्षेत्र नं. ३ बाट उम्मेदवार बनेका थिए ।
विभिन्न मधेसवादी पार्टी हुँदै केही महिनाअघि मात्रै नेपाल सद्भावना पार्टी ब्यूँताएका झा उक्त पार्टी कांग्रेसमा समाहित गरेर उम्मेदवार बनेको बताइएको छ ।
उम्मेदवारी दर्तापछि उनले आममतदाताको भावना र मागअनुसार पुनः रौतहट क्षेत्र नं १ बाट उम्मेदवारी दिएको प्रतिक्रिया दिएका थिए ।

समाजसेवी उपाध्यायको पहलमा न्यानो कपडा वितरण

मधेशदृष्टि
वीरगंज ।
वरिष्ठ समाजसेवी अधिवक्ता प्रकाश उपाध्यायको पहलमा विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको छ । बीरगंज १६ नगवा स्थित रहेको श्री नेपाल आधारभूत विद्यालय शुक्राजमा एक कार्यक्रमबीच त्यहाँ अध्ययनरत विद्यार्थीहरु लाई नयाँ स्वेटर (न्यानो स्वेटर) वितरण गरिएको हो ।
न्यानो कपडा वितरण कार्यक्रममा समाजसेवी एवं शैक्षिक सहिद मुकुन्द प्रसाद खनाल स्मृति प्रतिष्ठानको अध्यक्ष मुना खनाल, बीरगंज कपडा बैकका अध्यक्ष लाल बाबु सिंह, समाजसेवी प्रदिप अग्रवाल, श्रवण रायमाझी, बब्लु श्रीवास्तव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संजय महतो, पूर्व अध्यक्ष तारा चन्द्र पंडित, विद्यालयका सहायक शिक्षक सत्रुधन कुमार मिश्र, धर्मराज जोशी, सपना यादव, बाल विकास शिक्षक रूविता कुमारी गुप्ता, रन्जना कुमारी दास, कार्यालय सहयोगी योगानन्द पाण्डे लगायतको उपस्थिति रहेको थियो ।
कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ समाजसेवी प्रकाश उपाध्यायले शिक्षाको क्षेत्रमा विकास गर्न विभिन्न क्षेत्रमा यसरी नै सहयोगी हातहरु अगाडि बढ्नुपर्ने बताए ।
उनले हाम्रो समाजका बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न सबैले आफ्नो तहबाट ईमान्दारिता साथ लाग्नु पर्ने भन्दै सहिद शुक्राजको नाममा स्थापित बिधालयमा आफुले बाल्यकालमा पढेको स्मरण गराउदै स्कुलमा सानो सहयोग गर्न पाउँदा खुसी लागेको र यो कार्यमा सधै सक्रिय रहने बताए ।
कार्यक्रममा उपस्थित सबैलाई विधालयका सहायक शिक्षक सत्रुधन कुमार पाण्डेले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको सहजीकरण समाजसेवी लाल बाबु सिंहले गरेका थिए ।

चिसो मौसममा कसरी सुरक्षित रहने ?

चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन् । निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔँ ।

न्यानो कपडा अनिवार्य लगाऔँ
टोपी, मोजा, पञ्जा, स्वेटर तथा ज्याकेट प्रयोग गरी शरीर ढाकेर राख्नुपर्छ । टाउको, हातखुट्टा न्यानो राख्दा चिसोको असर कम हुन्छ ।

बिहान र बेलुका अत्यधिक चिसोमा बाहिर ननिस्किऔँ
घाम ननिस्केको बेला अनावश्यक बाहिर नजानु राम्रो हुन्छ, विशेषगरी बालबालिका र जेष्ठ नागरिकका लागि ।

तातो तथा पौष्टिक खानेकुरा सेवन गरौँ
तातो दूध, सूप, झोलिला परिकार, अदुवा, लसुन तथा पर्याप्त पानी सेवन गर्दा शरीर तातो र प्रतिरोधात्मक क्षमता बलियो हुन्छ ।

धुवाँ र चिसो हावाबाट जोगिऔँ
घरभित्र हावा पस्ने राम्रो व्यवस्था राख्नुपर्छ । बन्द कोठामा कोइला, दाउरा वा आगो बाल्दा विषालु ग्यासको जोखिम हुन्छ ।

आगो बाल्दा पूर्ण सावधानी अपनाऔँ
सुत्दा आगो नबाल्ने, आगो नजिक बालबालिका नछोड्ने र कपडाबाट आगो टाढा राख्ने ।

नियमित स्वास्थ्य जाँच गरौँ
ज्वरो, खोकी, दम, छाती दुखाइ, टाउको दुखाइ वा उच्च रक्तचाप जस्ता लक्षण देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

बालबालिका र जेष्ठ नागरिकलाई विशेष ध्यान दिऔँ
उनीहरूलाई न्यानो राख्ने, तातो खाना खुवाउने र चिसो पानी प्रयोग नगर्ने ।

जनचेतना फैलाऔँ
आफ्नो परिवार, छिमेकी तथा समुदायमा चिसोबाट बच्ने उपायको जानकारी बाँडौँ ।

"चिसो मौसममा सचेत बनौँ, स्वास्थ्य सुरक्षित राखौँ ।"
स्वस्थ नागरिक — समृद्ध समाज ।

जनहितमा जारी सन्देश

गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश, नेपाल

सम्पादकीय

चुनाव हुने स्थिति कि कर्मकाण्डी रिहर्सल ?

माघ ६ गते देशभर उम्मेदवारी मनोनयन सम्पन्न भएसँगै देश औपचारिक रूपमा निर्वाचनको मोडमा प्रवेश गरेको देखिन्छ । सरकारका मन्त्रीहरूसमेत पदबाट राजीनामा दिएर उम्मेदवार बन्नु केवल कानुनी बाध्यताको पालन मात्र होइन, निर्वाचन अपरिहार्य भइसकेको सन्देश पनि हो । सत्ता र चुनावी प्रतिस्पर्धाबीचको सीमारेखा यसरी स्पष्ट हुनुले राज्य संयन्त्रलाई केही हदसम्म भए पनि तटस्थ बनाउने अपेक्षा जनतामा जागेको छ । तर उम्मेदवारी मनोनयनसँगै मात्रै 'निर्वाचनको माहौल' बनेको ठोकुवा गर्न सकिँदैन । चुनावी माहौल तब बन्छ, जब नीति, विचार र जनजीविकाका मुद्दामा बहस सुरु हुन्छ।

अहिलेको परिदृश्य हेर्दा दलहरू अझै पनि शक्ति सन्तुलन, गठबन्धनको अंकगणित र टिकट व्यवस्थापनकै तनावमा अल्झिएका छन् । जनताको रोजाइ के हो भन्नेभन्दा पनि को कहाँबाट उठ्ने र कसरी जित्ने भन्ने रणनीतिले नै बहसलाई निर्देशित गरिरहेको छ । नेपाली कांग्रेसले पनि उम्मेदवार मनोनयन गरेको छ, तर पार्टीभित्रको असन्तुष्टि, कारबाही र गुटगत विभाजनको छायाँ अझै हटेको छैन।

उम्मेदवारी दर्ता हुनु सकारात्मक संकेत भए पनि कांग्रेसले चुनावलाई अवसरका रूपमा लिन चाहन्छ भने संगठनलाई एकताबद्ध गर्दै स्पष्ट राजनीतिक सन्देश दिनुपर्ने चुनौती यथावत् छ। अन्यथा, मनोनयन प्रक्रिया आफैंमा चुनावी माहौल बन्ने आधार बन्न सक्दैन।

यसर्थ, माघ ६ ले चुनावी प्रक्रियाको ढोका खोलेको छ, तर वास्तविक निर्वाचनको माहौल अझै निर्माणाधीन छ । अबको समय दलहरूले सत्ता, पद र व्यक्तिभन्दा माथि उठेर जनताको मुद्दालाई केन्द्रमा राख्छन् कि राख्दैनन् भन्नेले मात्रै तय गर्नेछ–यो चुनाव औपचारिक कर्मकाण्डमा सीमित हुन्छ कि लोकतान्त्रिक उत्सवमा रूपान्तरण हुन्छ।

मधेशमा राजनीति: चुनावी गणित कि पहिचानको संघर्ष ?

मधेशमा ३२ वटा प्रतिनिधिसभाको सिट छ भने ३३ लाखको हाराहारी समानुपातिक मत रहेको कारण पनि चुनावका बेला दल–नेतालाई मधेश प्यारो लाग्नु स्वाभाविक हो ।

दिवेशकुमार महतो

लहानको त्यो जाडो बिहान । कुहिरोले ढाकिएको मधेशका सडक । त्यो बिहान मधेशको आत्मा काँपिरहेको थियो । मधेश आफ्नो अधिकार र सम्मानका लागि सडकमा उत्रिएको थियो।

हातमा न बन्दुक थियो, न हिंसाको नारा। थियो त केवल अधिकारको आवाज र आत्म सम्मानको माग । तर राज्यसत्ताले चलाएको गोलीले जब रमेशकुमार महतोको छाती चिर्¥यो, त्यो गोलीले एक युवाको शरीर मात्र हैन, एक पुस्ताको धैर्य भत्कायो । रमेश ढले, तर लाहान उठ्यो । त्यसपछि समग्रमा मधेश उठ्यो। उनको रगतले लेखिएको थियो, "अब चुप लाग्दैन मधेश ।" त्यो दिनदेखि मधेशको हरेक सडक एउटा प्रश्न बनेको छ, "रमेशको दोष के थियो?"

१९ वर्ष पहिला २०६३ माघ ५ गते मधेश आन्दोलनको क्रममा सिराहाको लहानमा रमेश महतोले शहादत पाएका थिए।

यसअघि, २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान जारी भएको थियो । समावेशी समानुपातिक, संघियता र स्वायत्तता शब्दबिना संविधान जारी भएपछि उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरमले माइतीघर मण्डलामा अन्तरिम संविधानको प्रतिलिपि जलाएको थियो । संविधान जलाएपछि उपेन्द्र यादवलगायत २८ जनालाई प्रहरीले गिरफ्तार गर्¥यो र मुद्दा चलायो।

यादव सहितका नेताकार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको भन्दै तत्कालीन मधेशी जनअधिकार फोरमले माघ २ गते देखि ५ गतेसम्म मधेश बन्दको आह्वान गर्¥यो। माघ ५ गते माओवादी नेता मातृका यादव सवार गाडी लाहान बजार पुग्यो । तर 'मधेश बन्द'को अवज्ञा गरेको भन्दै आन्दोलनकारीहरूले माओवादी नेता सवार गाडी रोक्न खोज्दा दुवै पक्षबीच झडप भयो । झडप भएपछि प्रहरीले चलाएको गोलीले विद्यार्थी महतोको मृत्यु भएको थियो।

उनको शहादतसँगै पूरा मधेश आन्दोलनको ज्वालामा प्रज्वलित भयो । महतोको मृत्यु भएको भोलिपल्टबाट तराई–मधेशका कुना–कुनामा सशक्त आन्दोलन सुरु भए। थुप्रै सवारीसाधन जलाइए । आन्दोलनकारीले सडकमा आगो बाल्नेदेखि लिएर हाटबजारका पसल बन्द गराए । अर्कातर्फ प्रहरीले आन्दोलनकारीहरूको छातीमा ताक्दै गोली हान्न थाल्यो । तीन चरणको मधेश आन्दोलनमा जम्मा ११७ जनाको मृत्यु भयो। २०६२–६३ को जनआन्दोलनमा धेरै सपुतले रगत बगाए । तिनीहरूको माग थियो, 'एक मधेश एक प्रदेश', सङ्घीय संरचना र समावेशी समानुपातिक सिद्धान्त।

वर्षौंदेखि पहिचानको लडाई लडिरहेका मधेशी, जनजाति, आदिवासी, पिछडा वर्ग, थारु, मुस्लिमहरूले मधेश आन्दोलनमा भने आफ्नो रापताप देखाए । राज्यसत्ताले गरेको लामो समय यताको शोषण र विभेदविरुद्ध थियो मधेश आन्दोलन । पहिचान सहितको अधिकारका लागि थियो मधेश आन्दोलन । मधेश आन्दोलनलाई सम्बोधन गर्दै तत्कालीन सरकारले एकात्मक स्वरूपको सरकारलाई पुनः संरचना गरी सङ्घीय स्वरूप दिने प्रतिबद्धता जनायो । २२ बुँदे सम्झौता भयो । त्यसमा 'नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र देश हुनेछ र स्वायत्त प्रदेशहरू हुनेछन्' उल्लेख थियो । यो व्यवस्था अन्तरिम संविधानमा पनि राखियो र पछि गएर नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भनेर घोषणा गरियो।

ठिक यतिखेर, फागुन २१ को सङ्घीय चुनाव नजिकिँदै गर्दा, चुनावी सभामा सार्वजनिक रूपमा पहिलो पटक मधेश पुगेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोप्रति श्रद्धाञ्जली अर्पण गरेका छन्। १९ औं मधेश बलिदानी दिवसको अवसरमा सोमबार बिहानै सिराहाको लहान पुगेर उनले सहिद चोकस्थित महतोको सालिकमा माल्यार्पण गरे। माघ ५ गते कै दिन पारेर रवि लामिछाने र बालेन साह मधेश राजनीतिमा सक्रिय भएका छन्।

मधेश राजनीतिको केन्द्रबिन्दु र हालको मधेश प्रदेशको राजधानी जनकपुरधामको तिरुहुतिया गाछीको मैदानमा रास्वपाको परिवर्तन उद्घोषण सभाको आयोजना गरेर रास्वपाले मधेश राजनीतिमा उथलपुथल ल्याउने तयारी थालेको छ। बालेनको पुर्खौंली घर महोत्तरीको एकडारा गाउँपालिका हो । तर उनले आफूलाई मधेश र मधेशी शब्दसँग यस पहिले कहिल्यै नजोडे पनि मंगलवारको जनकपुरको चुनावी सभामा उनले आफूलाई मधेशको छोरो भएको बताए । पहिले मधेशी पहिचान नरुचाउने उनलाई अब रास्वपा र स्वयं बालेनले मधेश पुत्र र मधेशी भन्दै मधेशको पहिचान र स्वाभिमानसँग जोड्न खोजेको देखिन्छ । मधेशको भावनासँग खेल्दै राजनीतिको रोटी धेरैले सेकेका हुन् र अर्को कुनै त्यसो गर्न खोज्नु कुनै अनौठो पनि नहोला । तथापि, बालेनले काठमाडौँमा गरेका देखाएका केही काम–चर्चाका आधारमा पनि उनलाई रुचाउने धेरै छन्।

समग्रमा भन्नुपर्दा राणा शासन र राजाको निरङ्कुश शासन अन्त्य गर्न थुप्रै मधेशीले ज्यान गुमाए । सात दशकमा सात वटा संविधान जारी भयो देशमा । मधेश आन्दोलनका क्रममा ११७ जनाले ज्यान गुमाए। एमाले र कांग्रेसले झुटा सपना देखाएर मधेश र मधेशीलाई ठगे । मधेश केन्द्रित दललाई मधेशमा समेत आफ्नो सरकार बनाउन हम्मेहम्मे पर्¥यो । मधेशमा यतिका सङ्घर्ष भयो । मधेशले हजारौँ बलिदानी दिएता पनि सामान्य उपलब्धिबाहेक मधेशले धेरै कुरा पाएन। मधेशीले अहिले पनि पहिचान र स्वाभिमान चाहेको छ । मधेशले आफ्नो स्पेस खोजेको छ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र त्यसबाट सिर्जित तरंगका कारण थुप्रै विषयमा बहस भयो, संविधान संशोधनका विभिन्न पाटामा संशोधन गर्नुपर्ने बहस भयो, तर मधेशको आवाज र मधेशको मुद्दालाई एक दुई जना मधेशी पात्र बाहेक कसैले सम्बोधन गरेनन् । जब–जब ठुला–ठुला पार्टीको अस्तित्व धरापमा जान थाल्छ, तब–तब ती पार्टी मधेशी जनताको साथ (जनमत) माग्छन्। मधेशी भावनामा टेकेर शक्ति आर्जन गर्ने दाउपेच खेल्छन्।

पछिल्लो उदाहरण २०७९ सालको निर्वाचनमा एमालेले मधेशमा देखाएको सक्रियता हो। अघिल्लो साल प्रचण्डले आफू सत्ताबाट बाहिरिनुपर्दा तराई मधेश जनजागरण अभियान चलाएको देखि मधेशलाई रिझाउने खालका भाषण गरेबाट पनि त्यो बुझिन्छ । बाक्लो जनघनत्वका कारण पनि चुनावका बेला सबै राजनीतिक दलको प्राथमिकतामा मधेश पर्ने गरेको छ । प्रत्यक्ष निर्वाचनतर्फ प्रतिनिधिसभा निर्वाचनमा संख्याका हिसाबले बागमती प्रदेशपछि मधेश दोस्रो स्थानमा पर्छ। मधेशमा ३२ वटा प्रतिनिधिसभाको सिट छ भने ३३ लाखको हाराहारी समानुपातिक मत रहेको कारण पनि चुनावका बेला दल–नेतालाई मधेश प्यारो लाग्नु स्वाभाविक हो।

रास्वपाले चुनावमा बालेनको प्रयोगले मधेश रिझाउने, मधेशको मुद्दालाई सम्बोधन गर्ने–नगर्ने भन्दा पनि बोलेन फ्याक्टर मधेशमा कति सफल र फ्लप हुन्छ भन्ने कुरा आउने निर्वाचनको अंकगणितले प्रस्ट पार्छ । तर वास्तविकता के हो भने सङ्घीय सदनमा जे जस्तो भए पनि मधेश र मधेशीको मुद्दामा सदनलाई झकझकाउने मधेशकै नेताले हुन्। चुनावको पूर्व सन्ध्यामा अहिले मधेश होमिएको रास्वपा मधेशीको मुद्दामा भने पहिले मौन बस्ने गर्¥यो । तथापि, राष्ट्रिय स्वतन्त्र पार्टीमा शिव यादव, बब्लु गुप्ता र पूर्व सांसद अम्रेशकुमार सिंहको प्रवेशले केही हदसम्म भए पनि रास्वपाभित्र मधेशीको मुद्दा प्रवेश भई त्यसको सम्बोधन हुन्छ भन्नेमा आशावादी छौं।

रास्वपामा युवा नेतृत्व र शिक्षित मानिसहरू देखिएकाले तिनले जनताको कुरा सुन्लान् भन्ने अपेक्षा गरौं । सँगै, जनताले पनि आआफ्नो तवरबाट दलहरूलाई जबाफदेही बनाउन प्रश्न गरिराख्नु पर्ने आवश्यकता छ । लोकतन्त्रमा प्रश्न मर्नु सत्ता केन्द्रित दलले अराजक गतिविधि गर्नु र विधिको शासन विपरीत काम गर्नु हो। त्यसैले लोकतन्त्रमा प्रश्न मर्नु हुँदैन। राज्य सञ्चालकको भूमिकामा जुन दल र जुन नेतृत्व गए पनि मधेशमाथिको आन्तरिक उपनिवेशवाद अन्त्य हुनुपर्छ । मधेशीहरूलाई दया र मायाको भावनाले होइन, नेपाली नागरिकको हैसियतले बराबर अधिकार र बराबर स्थान दिनुपर्छ।

कांग्रेसमा 'गगनभेदी' विद्रोह: अर्थ, औचित्य र नयाँ सम्भावनाको कथा

केशव पाठक

असन्तोष आफैं परिवर्तन हुँदैन; त्यो अनुशासित, संस्थागत र विधिसम्मत रूपमै प्रवाहित हुनुपर्छ। यहीँ गगन थापा र उनको पुस्तालेे जुन राजनीतिक परिपक्वता देखायो, त्यो नेपाली राजनीतिक इतिहासमा एउटा दुर्लभ उदाहरण हो।

राजनीतिमा कहिलेकाहीँ यस्ता क्षणहरू आउँछन्, जसले केवल नेतृत्वको परिवर्तन मात्र जनाउँदैनन्, बरु देशको राजनीतिक संस्कृतिमा गहिरो रूपान्तरणको सङ्केत दिन्छन् । नेपाली कांग्रेसमा हालै सम्पन्न नेतृत्व परिवर्तन र त्यसपछिको राजनीतिक तरङ्ग त्यस्तै एउटा ऐतिहासिक मोड हो, जसले परिवर्तनको सम्भावनालाई केवल भाषणको विषयबाट निकालेर संवैधानिक संरचनामै अङ्कित गरिदिएको छ।

निर्वाचन आयोगले कांग्रेसको विधान, प्रक्रियागत निर्णय र बहुमतको आधारमा गगन थापा सभापति भएको नेतृत्वलाई आधिकारिक मान्यता दिएको घोषणा जारी गरेपछि यो परिवर्तन अब आन्तरिक विवादको विषय रहेन । यो अब राज्यको आधिकारिक अभिलेखमा सूचीकृत राजनीतिक वास्तविकता बनेको छ। गगन थापाको यो उदय, कार्यकर्ताको असाधारण जागरण, संस्थागत नैतिकताको पुनर्जागरण र अन्ततः निर्वाचन आयोगले दिएको वैधता– यी सबैले एउटै निष्कर्षमा पुर्¥याउँछन्: विद्रोह होस् त यस्तो!

कांग्रेसभित्र लामो समयदेखि देखिँदै आएको नेतृत्वको पुनरावृत्ति, सङ्गठनात्मक थकान र प्रक्रियागत अस्वच्छता विरुद्ध युवा पुस्तामा सञ्चित असन्तोषले परिवर्तनको बीउ रोपिसकेको थियो। तर असन्तोष आफैं परिवर्तन हुँदैन; त्यो अनुशासित, संस्थागत र विधिसम्मत रूपमै प्रवाहित हुनुपर्छ। यहीँ गगन थापा र उनको पुस्तालेे जुन राजनीतिक परिपक्वता देखाए, त्यो नेपाली राजनीतिक इतिहासमा दुर्लभ उदाहरण हो । आक्रोशित नाराका सट्टा उनीहरूले संस्थागत प्रक्रियामै भरोसा राखे; गुटगत हिसाबकिताबभन्दा प्रक्रियागत स्पष्टतालाई प्राथमिकता दिए र अन्ततः नेतृत्वको प्रतिस्पर्धालाई व्यक्तिको युद्ध नभई पार्टीको भविष्य निर्माण गर्ने वैचारिक बहसका रूपमा अघि बढाए । यसरी विद्रोहले आफ्नो नैतिक उचाइ प्राप्त गर्¥यो र यही नैतिकताले त्यसलाई वैधता दिलायो।

आजको नेपाली राजनीति अधिकांश दलमा आन्तरिक लोकतन्त्र कमजोर हुँदै जाने, निर्णय केही व्यक्तिको वरिपरि सीमित हुने र नेतृत्व परिवर्तन 'स्वाभाविक चक्र' नभई 'असम्भव जोखिम' जस्तै देखिने दिशातर्फ अघि बढिरहेको थियो। कांग्रेसमा देखिएको यो परिवर्तन त्यसैका विरुद्ध उभिएको एउटा ऐतिहासिक प्रतिरोध हो। यसले प्रमाणित गरिदियो कि नेतृत्वको नवीकरण केवल सम्भव मात्र होइन, अनिवार्य पनि हो र त्यो कार्यकर्ताको विवेक, मत र विधिसम्मत प्रक्रियामार्फत नै पूरा हुन सक्छ।

गगन थापाको अभियानले युवा मतदाताको मनोविज्ञानलाई सजिलै पढ्यो । सन् २०२५ को सेप्टेम्बर आन्दोलनपछिको तरङ्गले देखाएको देशको मनोदशा– असमानता, भ्रष्टाचार, बेरोजगारी, सक्षम नेतृत्वको अभाव र पुरानै ढाँचाको पुनरावृत्तिप्रतिको वितृष्णा– यी सबैलाई उनले दलभित्रको वैचारिक एजेन्डा बनाएर प्रस्तुत गरे। जहाँ प्रतिद्वन्द्वीहरू व्यक्तिगत आक्षेपमा अल्झिरहे, उनले संस्थागत सुधार, डिजिटल पारदर्शिता, तथ्यमा आधारित नीति निर्माण र युवालाई नीतिगत केन्द्रमा ल्याउने प्रतिज्ञालाई प्राथमिकता दिए । यही कारण उनी केवल एउटा समूहका नेता मात्र बनेनन्, बरु कांग्रेसभित्रको राजनीतिक पुनर्जागरणका प्रतिनिधि बने।

यही जगमा आधारित विद्रोहले निर्णायक रूप पायो जब निर्वाचन आयोगले कांग्रेसको महाधिवेशन, मतदान प्रक्रिया र नेतृत्व परिवर्तनलाई पूर्ण वैधानिक मान्यता प्रदान गर्¥यो । आयोगको निर्णयले धेरै भ्रम, विवाद र आरोप–प्रत्यारोपको अन्त्य गरिदिएको छ । यसले घोषणा गर्¥यो कि कांग्रेसको नेतृत्व अब बहुमतको निर्णय, विधानको मार्गदर्शन र राज्यका संवैधानिक निकायको औपचारिक मान्यतामा आधारित छ । गगन थापा अब केवल पार्टीका लोकप्रिय नेता मात्र होइनन्, उनी कानुनी रूपमा मान्यता प्राप्त, प्रक्रियागत वैधतामा आधारित राष्ट्रिय राजनीतिक शक्ति केन्द्रको शीर्षमा उभिएका व्यक्तित्व हुन्।

यो क्षण नेपाली दलगत इतिहासमा अत्यन्त महत्त्वपूर्ण छ। किनभने नेपालका दलहरूमा नेतृत्व परिवर्तन अक्सर विवाद, असन्तोष, अन्तर्कलह र विभाजनको कारण बन्ने गर्दछ। तर कांग्रेसमा देखिएको परिवर्तन, तीव्र प्रतिस्पर्धा र तीक्ष्ण बहसबाट गुज्रिए पनि अन्ततः संस्थागत प्रक्रियाबाटै समाधान भयो । यसले लोकतन्त्रको एउटा मुख्य सिद्धान्त पुनः पुष्टि गर्¥योः प्रक्रियाले समाधान दिन्छ, व्यक्ति–निर्भरताले होइन।

आज नेपालको राजनीति प्रस्ट रूपमा पुस्तान्तरणको मोडमा छ। पुरानो पुस्ताको अनुभव शासन सञ्चालन र राजनीतिक सङ्गठनमा अवश्य आवश्यक छ, तर नयाँ पुस्ताको दृष्टि, ऊर्जा र विश्व–समझाइ अब अपरिहार्य बनेको छ। गगन थापाले यही सन्तुलनलाई सफलतापूर्वक प्रतिरूपित गरेका छन्। उनी न त केवल क्रान्तिकारी चरित्रका हुन्, न अन्ध–आशावादी नेता, न त पुरानै ढाँचामा अड्किएका थकित पात्र नै। उनी सङ्क्रमणकालीन राजनीतिसँगै विकसित भएको मध्यमार्गी, तथ्यमा आधारित, संस्थावादी र सुधारमुखी नेतृत्वका प्रतिनिधि हुन्।

निर्वाचन आयोगको मान्यतापछि अब कांग्रेसले आफूलाई पुनर्संरचना गर्ने सुनौलो अवसर पाएको छ। सङ्गठनलाई डिजिटल बनाउने, आन्तरिक निर्वाचनलाई नियमित प्रक्रिया बनाउने, आर्थिक पारदर्शितालाई कडाइका साथ लागू गर्ने, नीति निर्माणमा विशेषज्ञता समावेश गर्ने र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने जस्ता सबै विषय अब केवल चुनावी नारा होइनन्, कार्यान्वयनको चुनौती बनेर गगन थापाको टेबुलमा आइपुगेका छन्।

कांग्रेसका कार्यकर्ताले दशकौंदेखि सुन्दै आएका 'पुनर्जागरण' का घोषणाहरू अब वास्तविकतामा परिणत हुने अपेक्षा गरिएको छ। यसमा असफल भएमा गगन थापाले विरासतमा पाउने असन्तोष आजको भन्दा ठूलो हुनेछ; सफल भएमा कांग्रेस २१औं शताब्दीको एउटा गतिशील राष्ट्रिय पार्टीका रूपमा पुनर्जीवित हुनेछ।

राष्ट्रिय राजनीतिमा पनि यस परिवर्तनले गहिरो प्रभाव छाडेको छ । कांग्रेसको नेतृत्व युवा पुस्तामा गएको तथ्यले अन्य दलहरू— एमाले, माओवादी केन्द्र, रास्वपा, मधेसवादी दल सबैलाई आत्ममूल्याङ्कन गर्न बाध्य पारिरहेको छ । २० वर्षदेखि उस्तै अनुहार देख्दै आएका मतदाताले अब परिवर्तन असम्भव छैन भन्ने सन्देश पाएका छन् । गगन थापा सफल भए भने नेपालको दलगत संरचना इनारको थुनिएको पानीझैं बन्द चक्रबाट बाहिर निस्केर खुला गतिशीलतामा प्रवेश गर्नेछ।

तर सफल हुनअघि उनीमाथि थुप्रै चुनौतीहरू छन् । पार्टीभित्रका पुराना शक्ति–समूहलाई समेटेर समावेशी नेतृत्व बनाउनु, सङ्गठनलाई पुनर्संरचना गर्नु, नीतिगत स्पष्टता प्रस्तुत गर्नु, भ्रष्टाचारविरुद्ध विश्वसनीय मोडेल दिनु र राज्य–सेवा वितरणका सबै तहमा सुधारको अभियान चलाउनु— यी कामहरू कुनै पनि हिसाबले सहज छैनन्। तर यिनै चुनौतीहरूले उनको नेतृत्वको वास्तविक कद नापिनेछ।

नेपालको सङ्घीय संरचना अहिले आलोचनाको केन्द्रमा छ; नागरिक सेवा वितरणप्रति जनताको असन्तोष चरम छ; आर्थिक अवस्था चुनौतीपूर्ण छ; रोजगारी सिर्जना न्यून छ र अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलन कायम राख्न संवेदनशीलता आवश्यक छ । यी सबै विषयमा गगन थापाले व्यावहारिक, अध्ययनमा आधारित र विश्वसनीय दृष्टि प्रस्तुत गर्न सकेमा उनी केवल पार्टीका नेता मात्र रहने छैनन्, बरु राष्ट्रिय नेतृत्वको एउटा बलियो केन्द्र बन्न सक्छन्।

अन्ततः, कांग्रेसमा भएको यो परिवर्तन केवल नेतृत्वको अदल–बदल होइन, यो नेपाली राजनीतिमा आधुनिक विद्रोहको एउटा सफल प्रयोग हो— एक अनुशासित, विधिसम्मत र दृष्टियुक्त विद्रोह। यही विद्रोहले अन्ततः संस्थागत विजय पायो र निर्वाचन आयोगको मोहोरले त्यसलाई 'राजनीतिक यथार्थ' बनाइदियो।

त्यसैले आज यो क्षणलाई केवल उत्सवका रूपमा मात्र होइन, भविष्यतर्फको गम्भीर जिम्मेवारीका रूपमा पनि बुझ्न आवश्यक छ । गगन थापाले अब आफ्नो विद्रोहलाई सरकार र शासनको क्षेत्रसम्म लैजान सक्छन् कि सक्दैनन्, यही प्रश्नले अब देशको राजनीतिक दिशा निर्धारण गर्नेछ।

तर, अहिलेका लागि एउटा कुरा भने निश्चित छ– नेपालमा परिवर्तनको कल्पना फेरि एकपटक यथार्थमा उभिएको छ र त्यसलाई सम्भव बनाउने विद्रोह यस्तै हुनुपर्ने रहेछ। विद्रोह होस् त यस्तो, बधाई गगन थापा !

रिक्त मन्त्रालयहरू प्रधानमन्त्रीले सम्हाले

काठमाडौँ।
राष्ट्रपति रामचन्द्र पौडेलले तीन जना मन्त्रीले पदबाट राजनीमा दिएपछि रिक्त भएका ती मन्त्रालयको कार्यभार प्रधानमन्त्री सुशीला कार्कीले सम्हाल्ने गरी तोकेका छन्।
प्रधानमन्त्रीसमक्ष शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले पदबाट राजीनामा दिएकाले उनीहरुले सम्हाल्दै आएका मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हाल्ने गरी तोकेको राष्ट्रपतिको कार्यालयले जनाएको छ। रासस

चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा

काठमाडौँ।
आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा उत्रेका छन् । नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा निर्वाचन क्षेत्र नं ५ बाट उम्मेदवार बन्दै हुनुहुन्छ।
त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्व निर्वाचन क्षेत्र नं १ र सोही पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहट निर्वाचन क्षेत्र नं १ बाट उम्मेदवारी दिएका छन्।
प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई गोरखा निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवारी दिएका छन्।
यसअघि २०७९ को आमनिर्वाचनमा एमाले अध्यक्ष ओली झापा–५, नेकपाका संयोजक दाहाल गोरखा–२, सहसंयोजक नेपाल रौतहट–१ बाट निर्वाचित भएका थिए । सो निर्वाचनमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले नेकपाका संयोजक दाहाललाई सहयोग गरेका थिए। विसं २०४८ सालको निर्वाचनपछि लगातार डडेल्धुराबाट निर्वाचित हुँदै आएका नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा भने यसपटकको निर्वाचनमा उम्मेदवार भएनन् । पार्टीको विशेष महाधिवेशनका विषयमा उत्पन्न परिस्थितिका कारण उनी यसपटक चुनावी मैदानबाट बाहिरिएका हुन्। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता भएको छ। रासस

स्थानीय तहबाट भट्टाभट राजीनामा दिँदै प्रतिनिधिसभाको उम्मेदवार

काठमाडौँ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर उम्मेदवारी दर्ता प्रक्रिया सुरु भएसँगै स्थानीय तहका कतिपय जनप्रतिनिधिहरू धमाधम पदबाट राजीनामा दिएर उम्मेदवारी दर्ता गराएका छन् । महानगर, उपमहानगर, नगरपालिका तथा गाउँपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरू प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गराएका छन्।
काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट झापा क्षेत्र नम्बर ५ मा उम्मेदवारी दर्ता गराएका छन्। दमक नगरपालिका–८ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पुगी उनले मनोनयन दर्ता गराएका हुन्। विसं २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौँको प्रमुख निर्वाचित शाह अहिले प्रधानमन्त्रीको आकाङ्क्षा राख्दै राजनीतिमा प्रवेश गरेका हुन् । यही क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली पनि उम्मेदवार रहेकाले सो निर्वाचन क्षेत्रलाई चासोका साथ हेरिएको छ।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले पनि पदबाट राजीनामा दिँदै चितवन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएकी छिन् । दुई कार्यकाल भरतपुरको नेतृत्व सम्हालीसकेकी दाहाललाई नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको हो।
धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले पनि पदबाट राजीनामा दिँदै सुनसरी क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा उम्मेदवार बनेका छन् । विसं २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार भई विजयी भएका उनी श्रम संस्कृति पार्टीका अध्यक्षसमेत छन् । आफूलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्दै आएका साम्पाङसँग प्रतिनिधिसभा सदस्यहरुको प्रतिस्पर्धामा उत्रिएका हुन् । यसैगरि धरान उपमहानगरपालिका– १७ का वडाध्यक्ष मनोज भट्टराईले पदबाट राजीनामा दिँदै प्रतिस्पर्धामा उत्रिएका छन्। विसं २०७४ र २०७९ का स्थानीय तहको निर्वाचनमा लगातार दुईपटक वडाध्यक्ष निर्वाचित भएका भट्टराई नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट उम्मेदवार बनेका हुन्। यसरी स्थानीय तहका प्रमुख मात्र होइन, वडाध्यक्ष र वडा सदस्यहरू पनि प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुँदैछन्।
वीरगंज महानगरपालिका–१० का अध्यक्ष सुशील साह कानु र वडा नं २० का अध्यक्ष रामकिशोर (पराग) सिंह प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका छन् । कानु राष्ट्रिय स्वतन्त्र पार्टीबाट पर्सा क्षेत्र नं २ मा उम्मेदवार बनेका छन् भने सिंह उज्यालो नेपाल पार्टीबाट उम्मेदवार बनेका हुन्।
स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापा पनि दोस्रो कार्यकाल पूरा नगर्दै स्याङ्जा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका छन्। उनलाई नेकपा एमालेले उम्मेदवार बनाएको हो। त्यसैगरी ओखलढुङ्गाको लिखु गाउँपालिकाकी उपाध्यक्ष अस्मिता थापा पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेकी छिन् । थापालाई एमालेका तर्फबाट उम्मेदवार बनाइएको हो । सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिकाका प्रमुख असिम राईले पनि पदबाट राजीनामा दिँदै नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट सोलुखुम्बुको प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बनेका हुन्।
देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता प्रक्रिया सुरु भएसँगै स्थानीय तहको नेतृत्वमा छोटो समय काम गरेका जनप्रतिनिधिहरू सङ्घीय संसद्मार्फत सिधै सिंहदरबार पुग्ने लक्ष्यसहित प्रतिनिधिसभा निर्वाचनमा होमिएका हुन् । यसले आगामी निर्वाचनलाई थप प्रतिस्पर्धात्मक र चासोपूर्ण बनाएको छ। रासस

अन्तरिम सरकारका चार मन्त्री चुनावी मैदानमा

काठमाडौँ।
निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका चार मन्त्री आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका छन्। आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मन्त्री पदबाट राजीनामा दिएर उनीहरु उम्मेदवार बनेका हुन्।
हालसम्म प्राप्त जानकारीअनुसार अन्तरिम सरकारका ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङ, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन निर्वाचनमा उम्मेदवारी दिएका छन्।
यसअघि उनीहरुले वर्तमान सरकारको स्वतन्त्र पहिचानमा आँच आउन नदिन दलीय राजनीतिको मैदानमा छिर्नु अघि पदबाट राजीनामा दिने घोषणा गरेका थिए । मन्त्री पदबाट राजीनामा दिएपछि ऊर्जामन्त्री घिसिङले आफ्नै नेतृत्वमा

उज्यालो नेपाल पार्टी गठन गरेका छन्। उनी त्यसअघि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक थिए। घिसिङ काठमाडौँ निर्वाचन क्षेत्र नं ३ बाट उम्मेदवार बनेको उज्यालो पार्टीका प्रवक्ता डा. राजु थापाले जानकारी दिए।
युवा तथा खेलकुदमन्त्री गुप्ता जेनजी आन्दोलनका अगुवा तथा सामाजिक अभियन्ताका रुपमा परिचित छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिरहा निर्वाचन क्षेत्र नं १ बाट आफूले उम्मेदवारी दिएको गुप्ताले जानकारी दिए।
पूर्वसञ्चारमन्त्री खरेल दुई दशक बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय रहेका व्यक्ति हुन्। मन्त्री बन्नुअघि उनले इमेज टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हालेका थिए । खरेललाई राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डिपी अर्यालले मंगलबारबाटै पार्टी आबद्धताको प्रतीक चिह्न प्रदान गरेकी छिन्। उनले अपराह्न ३ बजे ललितपुर निर्वाचन क्षेत्र नं २ को निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएको सो पार्टीले जनाएको छ।
यस्तै पूर्वशिक्षामन्त्री तथा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक पुनले भने म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमै उम्मेदवारको मनोनयन दर्ता गरिएको छ। रासस

लामिछानेको उम्मेदवारी वारेसनामा मार्फत

चितवन।
यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले चितवन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दर्ता गराएका छन्। उनले रास्वापा भरतपुर महानगर सभापति सीता ज्ञवालीको वारेसनामामार्फत उम्मेदवारी दर्ता गराएका हुन्।
मुख्य निर्वाचन अधिकृतको कार्यालय चितवनका सहायक निर्वाचन अधिकृत देवीराम भण्डारीले वारेसनामामार्फत उम्मेदवारी दर्ता भएको जानकारी दिए । लामिछानेको प्रस्तावकमा विक्रम श्रेष्ठ र समर्थकमा रामजी ठकुरी रहेका छन् । लामिछानेको सहकारी ठगी मुद्दामा जिल्ला अदालत पर्सा रहेका कारण आउन ढिला भएपछि वारेसनामामार्फत उम्मेदवारी दर्ता गरिएको हो । यससँगै चितवन क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट मीना खरेल, नेकपा एमालेबाट अश्विन घिमिरे र नेपाली कम्युनिष्ट पार्टीबाट प्रताप गुरुङले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै चितवन क्षेत्र नम्बर १ बाट नेपाली कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटी, एमालेका दावा दोर्जे लामा, नेपाली कम्युनिष्ट

पार्टीबाट डा कृष्णराज पन्तले र राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकालले उम्मेदवारी दर्ता गराएका छन्। ढकाल रास्वपाबाट यसअघि प्रतिनिधिसभामा निर्वाचित भएका थिए। यस्तै क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका टेकप्रसाद गुरुङ, नेकपा एमालेका शङ्कर्राज थपलिया, नेपाली कम्युनिष्ट पार्टीबाट रेनु दाहाल र राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतमले उम्मेदवारी दर्ता गराएका छन् । भरतपुर महानगर प्रमुख पदबाट राजीनामा दिएर दाहालले उम्मेदवारी दिएकी हुन्।
आसन्न प्रतिनिधिसभा निर्वाचनमा जिल्लाका तीन वटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन्। जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवं दुई जना तेस्रो लिङ्गी रहेका छन्।
जिल्लाका १६२ वटास्थल र ४९४ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । निर्वाचन कार्यालय चितवनका प्रमुख भीमशेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा ३३ हजार ७४० जना नयाँ मतदाता थपिएका छन् भने ३४ वटा मतदान केन्द्र थप भएको बताए। क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१ जना मतदाता रहेका छन्। जसमा ७६ हजार ७६१ जना पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन्। यस क्षेत्रमा ५६ वटा मतदानस्थल र १६८ वटा मतदान केन्द्र रहेका छन्।
यस्तै क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ जना मतदाता रहेका छन् । तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन्। यहाँ ४८ वटास्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन्।
क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय चितवनले जनाएको छ । तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन्। उनीहरूले ६३ वटास्थल र १७४ वटा केन्द्रबाट मतदान गर्ने छन् । प्रतिनिधिसभा २०७९ मा जिल्लामा चार लाख आठ हजार ३४२ मतदाता रहेका थिए। रासस

चिसो मौसममा कसरी सुरक्षित रहने ?

चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन्। निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔँ।

न्यानो कपडा अनिवार्य लगाऔँ
टोपी, मोजा, पञ्जा, स्वेटर तथा ज्याकेट प्रयोग गरी शरीर ढाकेर राख्नुपर्छ। टाउको, हातखुट्टा न्यानो राख्दा चिसोको असर कम हुन्छ।

बिहान र बेलुका अत्यधिक चिसोमा बाहिर ननिस्किऔँ
घाम ननिस्केको बेला अनावश्यक बाहिर नजानु राम्रो हुन्छ, विशेषगरी बालबालिका र जेष्ठ नागरिकका लागि।

तातो तथा पौष्टिक खानेकुरा सेवन गरौँ
तातो दूध, सूप, झोलिला परिकार, अदुवा, लसुन तथा पर्याप्त पानी सेवन गर्दा शरीर तातो र प्रतिरोधात्मक क्षमता बलियो हुन्छ।

धुवाँ र चिसो हावाबाट जोगिऔँ
घरभित्र हावा पस्ने राम्रो व्यवस्था राख्नुपर्छ। बन्द कोठामा कोइला, दाउरा वा आगो बाल्दा विषालु ग्यासको जोखिम हुन्छ।

आगो बाल्दा पूर्ण सावधानी अपनाऔँ
सुत्दा आगो नबाल्ने, आगो नजिक बालबालिका नछोड्ने र कपडाबाट आगो टाढा राख्ने।

नियमित स्वास्थ्य जाँच गरौँ
ज्वरो, खोकी, दम, छाती दुखाइ, टाउको दुखाइ वा उच्च रक्तचाप जस्ता लक्षण देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

बालबालिका र जेष्ठ नागरिकलाई विशेष ध्यान दिऔँ
उनीहरूलाई न्यानो राख्ने, तातो खाना खुवाउने र चिसो पानी प्रयोग नगर्ने।

जनचेतना फैलाऔँ
आफ्नो परिवार, छिमेकी तथा समुदायमा चिसोबाट बच्ने उपायको जानकारी बाँडौँ।

"चिसो मौसममा सचेत बनौँ, स्वास्थ्य सुरक्षित राखौँ।"
स्वस्थ नागरिक — समृद्ध समाज।

जनहितमा जारी सन्देश
ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया, रौतहट, मधेश प्रदेश

रामप्रसादराईमा दुई शीत भण्डारण निर्माण

भोजपुर।
स्थानीयस्तरमा उत्पादन हुने कृषि उपजको भण्डारण र बजारीकरण सहज बनाउने उद्देश्यका साथ भोजपुरको रामप्रसादराई गाउँपालिकाले दुईवटा शीत भण्डारण (कोल्ड स्टोर) निर्माण गरेको छ। उत्पादन भएका कृषि उपजलाई सुरक्षित रूपमा भण्डारण गरी बेमौसममा समेत उचित मूल्य पाउने वातावरण सृजना गर्ने लक्ष्यका साथ शीत भण्डारण केन्द्र निर्माण गरिएको गाउँपालिकाले जनाएको छ।
गाउँपालिका वडा नं १ ओख्रेमा रु एक करोड ५० लाख लागतमा ७२ हजार केजी भण्डारण क्षमताको शीत भण्डारण निर्माण गरिएको छ। गाउँपालिका केन्द्र वैकुण्ठेमा चिस्यान केन्द्रसम्म पुग्ने पहुँचमार्ग ढलानसहित रु तीन करोडको लागतमा ३६ हजार केजी क्षमता भएको अर्को शीत भण्डारण केन्द्र निर्माण गरिएको प्रमुख प्रशासकीय अधिकृत आङलाक्पा तामाङले जानकारी दिए।
दुवै शीत भण्डारण केन्द्र सञ्चालनको अन्तिम तयारीमा रहेको उनले बताए। 'स्थानीय कृषि उपजको भण्डारणका लागि दुईवटा शीत भण्डारण निर्माण गरेका छौं, ओख्रेको शीत भण्डारण केही दिनमा प्रयोगमा आउने छभने वैकुण्ठेस्थित केन्द्र पनि छिट्टै सञ्चालनमा ल्याइनेछ', उनले भने।
शीत भण्डारणलाई व्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न

गाउँपालिकाले 'शीत भण्डारण सञ्चालन तथा व्यवस्थापन कार्यविधि–२०८२' तयार गरी लागू गरेको छ। कार्यविधिअनुसार छुट्टै शीत भण्डारण सञ्चालन कोषको व्यवस्था गरिएको छ। हाललाई रु तीन लाखको सञ्चालन कोष स्थापना गरिएको र आवश्यकताअनुसार त्यसलाई क्रमशः वृद्धि गर्दै लैजाने योजना रहेको तामाङले जानकारी दिए।
कार्यविधिअनुसार गाउँपालिकाले किसानले उत्पादन गरेका कृषि उपज आफैं खरिद गरी शीत भण्डारणमा राख्ने व्यवस्था गरिएको छ। किसानले आफ्नै इच्छाले उपज भण्डारण गर्न चाहेमा प्रतिकेजी रु पाँच शुल्क तिर्नुपर्ने व्यवस्था छ। किसानले शीत भण्डारणमार्फत बिक्री गरी आएको नाफाको ५० प्रतिशत हिस्सा गाउँपालिकालाई बुझाउनुपर्ने प्रावधान पनि कार्यविधिमा समावेश गरिएको छ।
किसानले आफैं भण्डारणका लागि राखेका कृषि उपज बिग्रिएमा त्यसको जिम्मेवारी गाउँपालिकाले लिने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत तामाङले बताए। यसले किसानलाई जोखिममुक्त भएर उत्पादन भण्डारण गर्न प्रोत्साहन गर्ने विश्वास लिइएको छ।
गाउँपालिका अध्यक्ष थामबहादुर राईका अनुसार किसानले उत्पादन गरेका कृषि उपजको सहज भण्डारणसँगै बजारीकरण सुनिश्चित गर्ने उद्देश्यले शीत भण्डारण केन्द्र निर्माण गरिएको हो। 'किसानले उत्पादन गरेका कृषि उपजको भण्डारण तथा बजारीकरणमा गाउँपालिकाले आवश्यक भूमिका खेल्नेछ', अध्यक्ष राईले भने, 'सङ्कलन र भण्डारण गरिएका उपजलाई बेमौसममा बजार पुर्याएर किसानलाई राम्रो मूल्य दिलाउने हाम्रो लक्ष्य हो।'
उनका अनुसार गाउँपालिकाको कृषि एम्बुलेन्समार्फत किसानको खेतबारीदेखि शीत भण्डारण केन्द्रसम्म उपज ढुवानी गर्ने व्यवस्था मिलाइएको छ। यसले किसानको ढुवानी लागत घटाउनुका साथै बजार पहुँचलाई थप सहज बनाउने गाउँपालिकाले जनाएको छ।
शीत भण्डारण केन्द्रलाई दिगो र व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक कर्मचारीको व्यवस्था पनि गरिने गाउँपालिकाले जनाएको छ। यस पहलले स्थानीय कृषि उत्पादनको संरक्षण, मूल्य अभिवृद्धि र किसानको आम्दानी वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिइएको छ।
शीत भण्डारणको स्वमित्व हाल गाउँपालिकाको रहे पनि किसान, कृषि समूह, सहकारीले पूर्ण, आंशिक र साझेदारीमा सञ्चालन गर्न चाहेमा पनि सञ्चालन गर्न सक्ने व्यवस्था कार्यविधिमा रहेको छ। यहाँ किसानले सुन्तला, किवी, स्कुस, आलु, टमाटर, तरकारीलगायत नगदे बालीको व्यावसायिक रूपमा खेती गर्दै आएका छन्।
किसानलाई व्यावसायिक रूपमा जैविकखेती प्रणालीमा लाग्न गाउँपालिकाले योजनाबद्ध रूपमा कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। व्यावसायिक रूपमा कृषिमा लागेका किसानले उत्पादन गरेका कृषि उपजलाई व्यवस्थित ढङ्गले बजारसम्म पुर्याउने लक्ष्यले शीत भण्डारणको अवधारणाअनुसार कामलाई अघि बढाएको जनाएको छ। रासस

विदेशी मुद्राको विनिमयदर

काठमाडौं।
नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारण गरिएको विनिमयदरअनुसार अमेरिकन डलर एकको खरिददर १४५ रुपैयाँ १६ पैसा र बिक्रीदर १४५ रुपैयाँ ७६ पैसा तोकिएको छ।
युरोपियन युरो एकको खरिददर १६८ रुपैयाँ ७० पैसा र बिक्रीदर १६९ रुपैयाँ ४० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९४ रुपैयाँ ५७ पैसा र बिक्रीदर १९५ रुपैयाँ ३७ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८१ रुपैयाँ ६७ पैसा र बिक्रीदर १८२ रुपैयाँ ४२ पैसा कायम गरिएको छ।
अष्ट्रेलियन डलर एकको खरिददर ९७ रुपैयाँ २७ पैसा र बिक्रीदर ९७ रुपैयाँ ६७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०४ रुपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११२ रुपैयाँ ९४ पैसा र बिक्रीदर ११३ रुपैयाँ ४१ पैसा तोकिएको छ।
जापानी येन १० को खरिददर नौ रुपैयाँ १९ पैसा र बिक्रीदर नौ रुपैयाँ २२ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ८५ पैसा र बिक्रीदर २० रुपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८७ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ८३ पैसा र बिक्रीदर ३९ रुपैयाँ ९९ पैसा कायम भएको छ।
केन्द्रीय बैंकका अनुसार थाईभाट एकको खरिददर चार रुपैयाँ ६४ पैसा र बिक्रीदर चार रुपैयाँ ६६ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ५२ पैसा र बिक्रीदर ३९ रुपैयाँ ६९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ८० पैसा र बिक्रीदर ३५ रुपैयाँ ९५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८५ पैसा र बिक्रीदर नौ रुपैयाँ ८९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ७२ पैसा र बिक्रीदर १५ रुपैयाँ ७९ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ५८ पैसा र बिक्रीदर २२ रुपैयाँ ६७ पैसा तोकिएको छ।
राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १८ रुपैयाँ ६२ पैसा र बिक्रीदर १८ रुपैयाँ ६९ पैसा, कुवेती दिनार एकको खरिददर ४७४ रुपैयाँ ६९ पैसा र बिक्रीदर ४७६ रुपैयाँ ६५ पैसा, बहराइन दिनार एकको खरिददर ३८५ रुपैयाँ तीन पैसा र बिक्रीदर ३८६ रुपैयाँ ६३ पैसा, ओमनी रियाल एकको खरिददर ३७७ रुपैयाँ पाँच पैसा र बिक्रीदर ३७८ रुपैयाँ ६१ पैसा रहेको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।
राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ। रासस

२५ अर्ब तीन करोडको सामग्री आयात

झापा।
चालु आर्थिक वर्ष २०८२÷८३ को पुस मसान्तसम्ममा पूर्वीनाका काँकरभिट्टाबाट रु २५ अर्ब तीन करोड ६६ लाख मूल्य बराबरका मालवस्तु आयात भएका छन्। गत आव २०८१÷८२ को सोही अवधिको तुलनामा रु एक अर्ब ९३ करोड ७८ लाख अर्थात् आठ दशमलव ३९ प्रतिशतले आयात बढेको मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईले जानकारी दिए।
उनका अनुसार गत आवको पहिलो छ महिनामा रु २३ अर्ब नौ करोड ८८ लाख बराबरको वस्तु तथा सामान आयात भएको थियो।
चालु आवको पहिलो छ महिनामा यो नाकाबाट हुने निर्यात घटेको छ। उक्त अवधिमा रु १३ अर्ब ६७ करोड ३७ लाख मूल्य बराबरको सामान विभिन्न मुलुक निर्यात भएको थियो।
गत आवको सोही अवधिमा रु १३ अर्ब ८४ करोड चार लाखको वस्तु तथा सामान निर्यात भएको थियो। यो नाकाबाट हुने निर्यात एक दशमलव २० प्रतिशतले घटेको कार्यालयका सूचना अधिकारी हुमागाईले बताए।
पूर्वीनाकाबाट निर्यात हुने मुख्य वस्तुमा अलैंची, चिया, प्लाइउड, भेनिउर सिट, छुर्पी, अम्रिसो, अदुवा, सुठो, मुसुरो, काउली, बन्दागोपी, ब्रोकाउली, जडीबुटीलगायत रहेका छन् भने आयात हुने मुख्य मालवस्तुमा पेट्रोलियम पदार्थ, तयारी कपडा, तरकारी, यातायातका साधन र तिनका पाटपुर्जा, तरकारी, सिमेन्ट क्लिङ्कर, शृङ्गारका सामान, कफी, प्लास्टिकका कच्चा पदार्थ, अलकत्रा बिटुमिनलगायत रहेका छन्।
कार्यालयको तथ्याङ्कअनुसार चालु आवको पुस मसान्तसम्ममा आयात निर्यातबाट रु आठ अर्ब ४० करोड ९१ लाख ९६ हजार राजस्व सङ्कलन भएको छ।

ग्रिनल्यान्ड र नोबेलबारे ट्रम्पको कडा अभिव्यक्ति

ग्रिनल्यान्ड।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्यान्डप्रति आफ्नो आक्रामक धारणा गत वर्ष आफूलाई नोबेल शान्ति पुरस्कार नदिइएको निर्णयसँग जोडेका छन्। नर्वेका प्रधानमन्त्री जोनस गहर स्टोरलाई पठाइएको एक पाठ सन्देशमा उनले अब आफू 'विशुद्ध शान्तिको बारेमा सोच्न बाध्य' नरहेको बताएका हुन्।
उक्त सन्देश सार्वजनिक भएपछि नाटो सदस्य डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्ड कब्जा गर्ने ट्रम्पको चेतावनीका कारण वासिङ्टन र युरोपका नजिकका सहयोगीहरूबीचको तनाव थप बढेको देखिएको छ। यसअघि ट्रम्पले नर्वे, डेनमार्क र ग्रिनल्यान्डसहित आठ युरोपेली देशका सामानमा फेब्रुअरीदेखि १० प्रतिशत आयात कर लगाउने घोषणा गरेका थिए, जसको ती देशहरूले कडा विरोध गरेका छन्।
अमेरिकाका परम्परागत सहयोगी राष्ट्रहरूले ग्रिनल्यान्ड बिक्रीका लागि नभएको स्पष्ट पार्दै संवादबाट समाधान खोज्न आग्रह गरेका छन्। युरोपेली सङ्घ (इयु) का विदेश नीति प्रमुख काजा कल्लासले युरोपले द्वन्द्व नचाहेको तर आफ्ना आधारभूत मूल्य

र हितको रक्षा गर्ने अडानमा रहने बताए।
ह्वाइट हाउसले बल प्रयोग गरेर ग्रिनल्यान्ड नियन्त्रण लिने कुनै निर्णय नभएको जनाएको छ। डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले राष्ट्रपतिले केही छोड्ने निर्णय नगरेसम्म अडान नबदलिने टिप्पणी गरे। बेलायती प्रधानमन्त्री किर स्टार्मरले पनि शान्त वार्ताबाट समाधान सम्भव रहेको बताउँदै सैन्य कारबाही हुने विश्वास नगरेको जनाए।
यसबीच, हजारौं ग्रिनल्यान्डवासीहरूले सप्ताहन्तमा टापु कब्जा गर्ने कुनै पनि प्रयासविरुद्ध प्रदर्शन गरे। ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स–फ्रेडरिक निल्सनले करको धम्कीले आफ्नो धारणा नबदलिने स्पष्ट पार्दै 'हामीमाथि दबाब दिइने छैन' भन्नुभयो। त्यहाँकी मन्त्री नाजा नथानियलसेनले सहयोगी राष्ट्रहरूको द्रुत प्रतिक्रियाले यो विषय ग्रिनल्यान्ड मात्र नभई अन्तर्राष्ट्रिय सरोकारको विषय भएको देखाएको बताए।
नर्वे सरकारले सार्वजनिक गरेको ट्रम्पको सन्देशमा 'आठ युद्ध रोकेको बाबजुद नोबेल शान्ति पुरस्कार नदिइएकाले अब शुद्ध शान्तिको दायित्व महसुस नगरेको' उल्लेख छ। सन्देशमा 'ग्रिनल्यान्डको पूर्ण नियन्त्रण नभएसम्म विश्व सुरक्षित हुँदैन' भनिएको छ। ह्वाइट हाउसले सन्देशको प्रामाणिकता पुष्टि गर्दै ट्रम्पले अमेरिकी नियन्त्रणले ग्रिनल्यान्डवासीलाई सुरक्षा दिने विश्वास राखेको जनाएको छ।
नर्वेका प्रधानमन्त्री स्टोरले ग्रिनल्यान्ड डेनमार्कको हिस्सा भएको र नर्वेले डेनमार्कको पूर्ण समर्थन गर्ने स्पष्ट पारे। साथै नोबेल शान्ति पुरस्कार नर्वे सरकारले नभई स्वतन्त्र नोबेल समितिले प्रदान गर्ने कुरा ट्रम्पलाई स्पष्ट गरिएको उनले बताए।
गत वर्ष भेनेजुएलाकी विपक्षी नेता मारिया कोरिना मचाडोलाई प्रदान गरिएको नोबेल शान्ति पुरस्कारप्रति ट्रम्पले चासो देखाएका थिए। यद्यपि सोमबार पत्रकारहरूसँग कुरा गर्दै उनले नोबेल पुरस्कारको परवाह नगरेको र आफूलाई 'जीवन बचाउने' कुरामा मात्र चासो रहेको बताए।
ट्रम्पले करलाई कूटनीतिक मोलतोलको माध्यमका रूपमा प्रयोग गर्ने सङ्केत पनि गरेका छन्। युरोपेली देशहरूले भने ग्रिनल्यान्डमा सीमित सैन्य उपस्थिति आर्कटिक सुरक्षाको मूल्याङ्कन र रूस तथा चीनसम्बन्धी चिन्ताको प्रतिक्रियामात्र भएको बताएका छन्।
नाटोका महासचिव मार्क रुटेले ग्रिनल्यान्ड क्षेत्र सामूहिक सुरक्षाका लागि महत्वपूर्ण रहेको उल्लेख गरेका छन्। युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले युरोपेली सङ्घ (इयु) कुनै पनि प्रकारको जबरजस्तीको सामना गर्न तयार रहेको बताउँदै आगामी शिखर सम्मेलनको घोषणा गरेका हुन्। रासस

किमद्वारा उपप्रधानमन्त्री बर्खास्त

सियोल।
उत्तर कोरियाली नेता किम जोङ उनले उपप्रधानमन्त्री याङ सुङ होलाई बर्खास्त गरेका छन्। राज्य सञ्चालित सञ्चारमाध्यमका अनुसार उनले एक महत्वपूर्ण औद्योगिक मेसिनरी कम्प्लेक्सको उद्घाटनका क्रममा उच्च अधिकारीहरूमा देखिएको 'अक्षमता, गैरजिम्मेवारी र निष्क्रियता' विरुद्ध असाधारण रूपमा कडा र सार्वजनिक आलोचना गरेका हुन्।
सरकारी कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार किमले याङलाई 'घटनास्थलमै' पदमुक्त गर्न आदेश दिदैं 'गैरजिम्मेवार, अशिष्ट र अयोग्य' अधिकारीहरूलाई तीव्र रूपमा हप्काए। 'कृपया, कमरेड भाइस प्रिमियर, धेरै ढिलो हुनुअघि नै आफैं राजीनामा दिनुहोस्', उनले भनाइलाई केसिएनएले उद्धृत गरेको छ।
आणविक हतियार सम्पन्न उत्तर कोरिया अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण गम्भीर आर्थिक चुनौती र दीर्घकालीन खाद्यान्न अभावसँग

जुध्दै आएको छ। यद्यपि किमले विगतमा पनि आर्थिक नीतिको कथित खराब व्यवस्थापनका लागि अधिकारीहरूलाई आलोचना गर्दै आउनुभएको भए पनि यसरी खुला रूपमा बर्खास्त गर्नु दुर्लभ मानिन्छ।
सोमबार हामग्योङ प्रान्तमा रहेको औद्योगिक कम्प्लेक्सको अवलोकनका क्रममा किमले 'लामो समयदेखि पराजयवाद र निष्क्रियतामा फसेका' कार्यकर्ताहरूले राज्यको विकासमा अवरोध पु¥याएको बताए। याङ 'भारी जिम्मेवारी वहन गर्न अयोग्य' रहेको टिप्पणी गर्दै उनले क्याडर नियुक्तिमा भएको 'आकस्मिक गल्ती' स्वीकार गरे। 'गाडी तान्ने गोरु हो, बाख्रा होइन', भन्दै किमले प्रभावकारी र सक्षम नेतृत्वको आवश्यकता औंल्याए।
राज्य मिडियाले सार्वजनिक गरेका तस्बिरमा किम चिसो उत्तरपूर्वी क्षेत्रमा कामदारहरूमाझ कठोर भावमा सम्बोधन गरिरहेको देखिन्छ। उत्तर कोरियाले लामो समयदेखि सेनालाई प्राथमिकता दिँदै आएको छ भने कमजोर पूर्वाधार, वन विनाश र दशकौंको खराब व्यवस्थापनका कारण बाढी र खडेरीजस्ता प्राकृतिक विपद्को जोखिममा रहेको छ।
युनिभर्सिटी अफ नर्थ कोरियन स्टडिजका विज्ञ याङ मू–जिनका अनुसार नयाँ मेसिनरी कम्प्लेक्स उत्तरपूर्वलाई दक्षिणतर्फ वोनसनसँग जोड्ने औद्योगिक बेल्टको हिस्सा हो, जसले देशको कुल मेसिनरी उत्पादनको करिब १६ प्रतिशत योगदान दिन्छ। उनका अनुसार याङको सार्वजनिक बर्खास्ती सत्तारूढ पार्टीभित्र अनुशासन कडा बनाउने र अधिकारीहरूलाई चेतावनी दिने रणनीतिसँग जोडिएको छ।
प्योङयाङ आगामी पाँच वर्षमा पहिलो पटक हुने पार्टी सम्मेलनको तयारीमा रहेको छ। विश्लेषकहरूका अनुसार सम्मेलनमा आर्थिक नीति, रक्षा र सैन्य योजना मुख्य एजेन्डा बन्ने सम्भावना छ। गत महिना किमले शीर्ष नेताहरूको बैठकमा पार्टीभित्र देखिएका भ्रष्टाचारजन्य प्रवृत्ति र अनुशासनहीनतालाई पूर्ण रूपमा समाप्त गर्ने प्रतिबद्धता जनाएका थिए। जसलाई राज्य मिडियाले 'दुष्टता' र हाल देखिएको 'विचलन' भनेर उल्लेख गरेको छ। रासस

चिसो मौसममा कसरी सुरक्षित रहने ?

चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन्। निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔं।

चिसो बढ्दै गइरहेकोले न्यानो कपडा प्रयोग गरी शरीरलाई सुरक्षित राखौं।

बिहान–साँझ अत्यधिक चिसोमा अनावश्यक रूपमा बाहिर ननिस्किनुहोस्।

जेष्ठ नागरिक, बालबालिका र गर्भवती महिलालाई विशेष ध्यान दिनुहोस्।

न्यानो खानेकुरा र तातो पानीको प्रयोग बढाउनुहोस्।

खोकी, ज्वरो, रुघाखोकी देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउनुहोस्।

आगो बाल्दा र हिटर प्रयोग गर्दा सुरक्षामा विशेष सतर्कता अपनाउनुहोस्।

चिसोबाट जोगिन घरका झ्याल–ढोका राम्ररी बन्द गरी राख्नुहोस्।

खुला स्थानमा बसोबास गर्नेहरूलाई न्यानो कपडा उपलब्ध गराउन सहयोग गरौं।

धूम्रपान र मदिरा सेवनले चिसोमा स्वास्थ्य जोखिम बढाउँछ, टाढा रहौं।

"चिसो मौसममा सचेत बनौं, स्वास्थ्य सुरक्षित राखौं।"
स्वस्थ नागरिक — समृद्ध समाज।

जनहितमा जारी सन्देश
एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश, नेपाल

जनभावनालाई प्राथमिकता दिएर काम गर्न निर्देशन

काठमाडौँ ।
काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले असल अभ्यासलाई निरन्तरता दिन र जनभावनालाई प्राथमिकता दिएर काम गर्न विभागीय प्रमुखहरूलाई निर्देशन दिएकी छिन् ।
कार्यवाहक प्रमुखको जिम्मेवारी पाएपछि मंगलबार पहिलो पटक विभागीय प्रमुखसँगको बैठकमा उनले सुशासन, नागरिक अपेक्षा, असल तथा सफल अभ्यासको निरन्तरताका लागि सबैको एकैठाउँमा उभिनुपर्ने बताएकी हुन् ।
कार्यवाहक प्रमुख डङ्गोलले भनिन्, यसका लागि आन्तरिक तथा बाह्य सम्बन्ध समुधर बनाउँदै, पारदर्शिता, इमान्दारिता र जनभावनाप्रति उत्तरदायी भएर फराकिलो दृष्टिकोण राखेर काम गर्नुहोला । नागरिकले महसुस गरेका सुविधा र सहजतामा ध्यान दिनुहोला । उनले समन्वय, सहकार्य र साझेदारीतालाई सुदृढ बनाउँदै पुँजीगत खर्च गर्ने क्षमता बढाउन लाग्नुपर्नेमा जोड दिइन् ।
कार्यवाहक प्रमुख डङ्गोलले चालु आर्थिक वर्षका लागि योजनाअनुरुप काम सम्पन्न गर्न निरन्तर विभागीय तथा क्षेत्रगत उपलब्धिका विषयमा जानकारी लिने र नतिजा वृद्धि गर्ने एजेन्डामा छलफल गरिने जानकारी गराइन् । बैठकमा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलगायत विभागीय प्रमुखहरूको उपस्थित रहेको थियो । रासस

नेपाललाई भारत सरकारको गाडी उपहार

काठमाडौँ ।
निर्वाचन प्रयोजनका लागि नेपाललाई भारत सरकारले मंगलबार ६१ वटा गाडी हस्तान्तरण गरेको छ । गृह मन्त्रालयमा आयोजित एक समारोहकाबीच भारतीय राजदूतावासले गृहमन्त्रालयलाई ६१ वटा गाडी उपहारस्वरूप हस्तान्तरण गरेका हुन् । पहिलो चरणमा ६१ वटा गाडी ल्याइएको र बाँकी गाडी क्रमशः आउने गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । भारत सरकारले ३८८ वटा गाडी उपलब्ध गराउने प्रतिबद्धता जनाएको थियो ।
निर्वाचन अघि नै भारतले ३८८ वटा गाडी उपलब्ध गराउने जनाएअनुसार आउने क्रममा रहेको र मंगलबार ६१ वटा गाडी मन्त्रालयले प्राप्त गरेको गृहमन्त्री ओमप्रकाश अर्यालले बताए ।
उनले यसरी गाडी उपलब्ध गराएकोमा भारत सरकारलाई धन्यवाद दिए । उक्त सवारीले निर्वाचनलाई शान्तिपूर्ण बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने गृहमन्त्रीले बताए । रासस

नेपालको ऋण २८ खर्ब नाघ्यो

काठमाडौँ ।
नेपालको सार्वजनिक ऋण २८ खर्ब नाघेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को सुरु हुँदा कूल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा पुस मसान्तसम्मा रु एक खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धि भई रु २८ खर्ब छ अर्ब ३९ करोड पुगेको हो । हाल सरकारले तिर्न बाँकी कूल सरकारी ऋण कूल गार्हस्थ्य उत्पादनको ४५ दशमलव ९५ प्रतिशत बराबर हुन आउँछ ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशतअर्थात् रु १४ खर्ब ८७ अर्ब २६ करोड २२ लाख र आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशतअर्थात् रु १३ खर्ब १९ अर्ब १३ करोड १० लाख रहेको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको अनुपात २१ दशमलव ६० र बाह्य ऋणको अनुपात २४ दशमलव ३५ प्रतिशत रहेको छ ।
सरकारले चालु आवका लागि रु पाँच खर्ब ९५ अर्ब बराबर सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु दुई खर्ब १४ अर्ब ५५ करोड प्राप्ति भइसकेको छ । जुन वार्षिक लक्ष्यको ३६ दशमलव ०२ प्रतिशत हुन आउँछ ।
पछिल्लो छ महिनामा सरकारले उठाएको ऋणमा आन्तरिक ऋणको हिस्सा ८२ दशमलव ८१ र बाह्य ऋणको हिस्सा १७ दशमलव १९ प्रतिशत रहेको कार्यालयले जनाएको छ । सरकारले चालु आवका लागि रु तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा पुस मसान्तसम्ममा रु एक खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख बराबर उठाइसकेको छ । त्यस्तै, बाह्य ऋणतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख उठाउने सरकारी लक्ष्य रहेकोमा हालसम्म रु ३६ अर्ब ८९ करोड २२ लाख मात्रै उठाएको छ ।
सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा पनि पछिल्लो छ महिनामा ठूलो रकम खर्च भएको छ । सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आवका लागि रु चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन गरेकोमा गत पुस मसान्तसम्ममा रु एक खर्ब ८७ अर्ब १२ करोड भुक्तानी भइसकेको छ । जसमध्ये आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीका लागि रु एक खर्ब ५५ अर्ब १३ लाख ५४ हजार र बाह्य ऋण तिर्नका लागि रु ३१ अर्ब ९९ करोड १२ खर्च भएको छ ।
त्यस्तै, आन्तरिक र बाह्य दुवै शीर्षकका ऋणको साँवा भुक्तानीका लागि पछिल्लो छ महिनामा रु एक खर्ब ५२ अर्ब ८९ करोड र ब्याज भुक्तानीका लागि रु ३४ अर्ब २३ करोड खर्च भएको कार्यालयले जनाएको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा पुस मसान्तसम्मको कूल ऋण सेवा खर्च तीन दशमलव ०६ प्रतिशत हुन आउँछ । रासस

निर्वाचनको मैदानमा पत्रकार

काठमाडौँ ।
आसन्न प्रतिधिसभा सदस्य निर्वाचनका लागि दर्जन बढी पत्रकार चुनावी मैदानमा उत्रिएका छन् । यसअघि जस्तै पत्रकारिताको पृष्ठभूमिबाट राजनीतिमा प्रत्यक्ष रुपमा सहभागी हुनेक्रम यसपटकको निर्वाचनमा पनि देखिएको छ ।
प्राप्त जानकारीअनुसार पत्रकार एवं निवर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले राष्ट्रिय स्वतन्त्र पार्टीबाट ललितपुर–२ मा उम्मेदवारी मनोनयन दर्ता गराएका छन् भने चर्चित टेलिभिजन प्रस्तोता ऋषि धमला आमजनता पार्टीबाट रौतहट–४ मा उम्मेदवार बनेका छन् ।
नेपाली कांग्रेसका तर्फबाट भक्तपुर–२ मा पत्रकार कविर राणा र रास्वपाबाट राजीव खत्री, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट जुम्ला–१ बाट मनऋषि धिताल, नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट हुम्लामा डा. दीपेन्द्र रोकाय र सोही पार्टीको काठमाडौँ क्षेत्र १० बाट रुपा महर्जन, दोलखा निर्वाचन क्षेत्र नं १ बाट अजयबाबु सिवाकोटी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट काठमाडौँ–६ मा उद्धवराज भेटवाल र झापा–२ मा राप्रपाका तर्फबाट स्वागत नेपालले उम्मेदवारी दिएका छन् ।
पूर्व पत्रकार नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट सूर्यबहादुर थापा क्षेत्री प्यूठानबाट उम्मेदवार बनेका छन् ।
पत्रकारिता पृष्ठभूमिका रास्वपाका सभापति रवि लामिछाने, सोही पार्टीका दीपक बोहरा, सोविता गौतम र निशा डाँगी पनि उम्मेदवार बनेका छन् । लामिछाने, गौतम र डाँगी यसअघिको निर्वाचनमा प्रतिनिधिसभामा विजयी भएका थिए । रासस

मतदान गर्न पाउने अधिकार स्थापितः का.वा. आयुक्त

काठमाडौँ ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मंगलबार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा उम्मेदवारले मनोनयनपत्र दर्ता सम्पन्न भएको बताएका छन् । यसले मतदाताको मतदान गर्न पाउने अभेद्य अधिकार स्थापित हुने वातावरण बनेको उनको भनाइ छ ।
निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रमअनुसार मंगलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म देशभरका १६५ निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम सम्पन्न भएपछि आयोजित पत्रकार सम्मेलनमा उनले अब निर्वाचित हुने जनप्रतिनिधिले देशमा सुशासनका लागि काम गर्ने विश्वास व्यक्त गरे ।
अब मनोनयनपत्र दर्ता गरेका उम्मेदवारको दाबी विरोध, छानबिन गरी अन्तिम नामावली प्रकाशन गरेर माघ ९ गते निर्वाचन चिह्न प्रदान गरिने उल्लेख गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले त्यसपछि घरदैलो कार्यक्रम गर्न सक्ने जानकारी गराए । निर्वाचन प्रचारप्रसारका ठूला कार्यक्रम भने फागुन ४ गतेपछि मात्र गर्न पाउने उनले बताए ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि समन्वयात्मक रूपमा चारवटै सुरक्षा निकायलाई परिचालन गरी निर्वाचन कार्यक्रम सम्पन्न गरिने बताए ।
यसैगरी प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुखले राजीनामा दिएकाले छ महिनाभित्र सरकारसँग सल्लाह गरेर खाली भएका क्षेत्रमा निर्वाचन गराउने उनको प्रतिबद्धता थियो ।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले यस वर्ष आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारी गरेकाले यसलाई पालना गर्न आह्वान गरे । निर्वाचन आचारसंहिताको पालना नगरेको भनेर उजुरी परेमा आयोगले कानुनबमोजिम कारबाही गरिने प्रष्ट पारे । रासस

जनयुद्ध इलाका विकासमा केन्द्रित हुने प्रचण्डको प्रतिबद्धता

रुकुमपूर्व ।
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रुकुमपूर्वको विकासमा गति दिनु आफ्नो मुख्य लक्ष्य हुने बताएका छन् । रुकुम पूर्व निर्वाचन क्षेत्र नं १ मा आफ्नो उम्मेदवारी दर्तापछि आयोजित सभालाई सम्बोधन गर्दै उनले जनअपेक्षा पूरा गर्न आफू दृढतापूर्वक लागिपर्ने विश्वास व्यक्त गरे ।
सहिद परिवारको आर्शीवाद लिएर उम्मेदवारी दर्ता गर्न निर्वाचन अधिकृतको कार्यालयमा पुगेका संयोजक दाहालले आफूले सरकारको नेतृत्वमा रहँदा सहिद परिवारका समस्या समाधानमा केन्द्रित भएको र आगामी दिनमा सहिदका भावनालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाए ।
यसअघि जनयुद्धको आधारइलाका रोल्पाबाट चुनाव लडेको स्मरण गर्दै संयोजक दाहालले अहिले पुनः आधारइलाकाको अर्को जिल्ला रुकुमपूर्वका जनतासँग साक्षात्कार गर्ने अवसर पाएकामा खुसी व्यक्त गरे ।
‘अबको समयमा रुकुम, रोल्पाकै जनतासँगको साक्षात्कारमा भ्रष्टाचार अन्त्य र सामाजिक न्यायसहित विकास निर्माणको काम गर्नेछु’ उनले बताए ।
संयोजक दाहालले रुकुमपूर्वका सडक सञ्जालमा नजोडिएका गाउँलाई सडक सञ्जालमा जोड्ने प्रतिबद्धता जनाए ।
काँक्री–तकसेरा–हुकाम–मै कोट–शहरतारा हुँदै चीनको सीमाना छार्का जोड्ने सडकलाई कालोपत्रे गर्ने र सिस्ने गाउँपालिकाको १ र २ वडालाई सडक सञ्जालमा जोडिने छ, रुकुमेली जनतासँग प्रतिबद्धता व्यक्त गर्दै उनले भने, ‘विद्युत् उत्पादन, जडिबुटी प्रशोधन र भण्डारण, कृषिमा आधुनिकीकरण गर्नेजस्ता योजनालाई प्राथमिकतका साथ अगाडि सार्नेछु’ ।
रुकुम पूर्वलाई कान्छो जिल्लाका रूपमा स्थापित गराउन आफ्नो प्रमुख भूमिका रहेको उल्लेख गर्दै संयोजक दाहालले यहाँको विकासको जिम्मेवारी आफूले नै लिनुपर्छ भन्ने स्पष्ट दृष्टिकोणसहित रुकुम पूर्वमा निर्वाचन लड्न आएको बताए ।
सोही कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का पूर्वजिल्ला अध्यक्ष टोपबहादुर ओलीसहित एक दर्जन नेताहरू नेकपामा प्रवेश गरेका छन् । यसअघि निर्वाचनमा प्रदेशसभा (२) मा स्वतन्त्र उम्मेदवारी दिएका नरहरि खड्का, एमालेका जिल्ला उपसचिव केशकुमारी तुलाचन पनि नेकपामा समाहित भएका छन् ।
नवप्रवेशी ओलीले रुकुम पूर्वको विकास र समृद्धिका लागि संयोजक दाहाललाई अत्याधिक मत दिएर विजयी गराउन आफूहरु आतुर रहेको बताएका थिए । रासस

चन्द बैतडीबाट उम्मेदवार

बैतडी ।
प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले बैतडीबाट मनोनयन दर्ता गराएका छन् । नेपाली कांग्रेस बैतडीका जिल्ला सभापतिसमेत रहेका चन्दले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा तोकिएको समयमा मनोनयन दर्ता गराएका हुन् ।
बैतडीमा नेपाली कांग्रेस आठ वर्षपछि प्रत्यक्ष जनतामाझ जाँदैछ । विसं २०७४ को निर्वाचनमा कांग्रेसबाट नरबहादुर चन्द उम्मेदवार थिए भने २०७९ मा माओवादीसँगको गठबन्धनका कारण उम्मेदवार उठाएको थिएन । रासस

प्रतिनिधिसभा निर्वाचनः पर्सामा चार सिटका लागि चार पूर्वमन्त्रीसहित १०९ जनाको उम्मेदवारी

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा जिल्लामा चारवटै निर्वाचन क्षेत्रका चार सिटमा दलगत र स्वतन्त्र गरी कुल १०९ जनाले उम्मेदवारी दर्ता गराएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ६५ जना राजनीतिक दलबाट र ४४ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । पर्साका चारै क्षेत्रमा पूर्वमन्त्री तथा निवर्तमान सांसदसहित प्रमुख राजनीतिक दलका नेताहरू चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्, जसले यसपटकको निर्वाचनलाई निकै रोचक र प्रतिस्पर्धात्मक बनाएको छ ।

हरिशंकर शर्मा

वीरगंज (पर्सा), ६ माघ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पर्सा जिल्लामा १०९ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्लामा रहेका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रका चार सिटका लागि मंगलबार सम्पन्न मनोनयन दर्तामा दलगत र स्वतन्त्र गरी कुल १०९ जनाको उम्मेदवारी परेको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालय पर्साका सूचना अधिकारी प्रभाकर मल्लिकका अनुसार कुल उम्मेदवारमध्ये ६५ जना विभिन्न राजनीतिक दलका तर्फबाट र ४४ जना स्वतन्त्र उम्मेदवार रहेका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यका लागि ३० जनाले उम्मेदवारी दिएका छन् । तीमध्ये २० जना दलगत र १० जना स्वतन्त्र उम्मेदवार रहेको निर्वाचन कार्यालयले जनाएको छ । यस क्षेत्रमा नेकपा एमालेबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद प्रदीप यादव उम्मेदवार बनेका छन् । उनी यसअघि २०७४ र २०७९ को निर्वाचनमा जनता समाजवादी पार्टी नेपालबाट निर्वाचित भएका थिए ।

त्यसैगरी नेपाली कांग्रेसबाट पूर्वसांसद तथा केन्द्रीय सदस्य अनिल रुंगटा, जनता समाजवादी पार्टीबाट रामनरेस प्रसाद यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरि पन्त, उज्यालो नेपाल पार्टीबाट रामकिशोर सिंह पराग, श्रम संस्कृति

पार्टीबाट वासिम शेख, नेपाली कम्युनिष्ट पार्टीबाट अजयकुमार चौरसिया, जनमत पार्टीबाट ओमप्रकाश सर्राफ, राप्रपाबाट नन्दकिशोर श्रीवास्तव, पुल फस्ट पार्टीबाट जावेद एकबाल हैदर, नेपाल मजदुर किसान पार्टीबाट प्रमोद पटेल, जनअधिकार पार्टीबाट महेन्द्र पासवान, राष्ट्र निर्माण दलबाट महमद उमर खान, आम जनता पार्टीबाट विश्वराज पटेल र नेपाली जनता पार्टीबाट सुरेश साह कानु उम्मेदवार रहेका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर २ मा ३२ जनाको उम्मेदवारी परेको छ । निर्वाचन अधिकृत मधु आचार्यका अनुसार यहाँ १८ जना दलगत र १४ जना स्वतन्त्र उम्मेदवार छन् । यस क्षेत्रमा नेपाली कांग्रेसबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद अजयकुमार चौरसियाले उम्मेदवारी दिएका छन् । उनी २०७९ को निर्वाचनमा पनि यही क्षेत्रबाट निर्वाचित भएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट सुशील कुमार कानु उम्मेदवार बनेका छन् । उनी २०७९ मा जनता समाजवादी पार्टीबाट वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्षमा निर्वाचित भएका थिए । जनता समाजवादी पार्टी नेपालबाट उद्योगपति अशोक टेमानी, नेकपा एमालेबाट रिमा यादव र राप्रपाबाट पूर्वसांसद विना कुमारी जैसवाल उम्मेदवार छन् । कांग्रेसबाट टिकट नपाएपछि पूर्व प्रदेशसभा सदस्य राजेश्वर साह तेलीले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यका लागि २३ जनाको उम्मेदवारी परेको छ । निर्वाचन अधिकृत बुद्धिलाल श्रेष्ठका अनुसार यहाँ १४ जना दलगत र ९ जना स्वतन्त्र उम्मेदवार छन् । नेपाली कांग्रेसबाट पूर्वमन्त्री सुरेन्द्र प्रसाद चौधरी उम्मेदवार बनेका छन् । उनी २०७० मा सांसद निर्वाचित भए पनि २०७९ मा पराजित भएका थिए ।

यसैगरी नेकपा एमालेबाट व्यवसायिक पृष्ठभूमिका रुपेश पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्माण व्यवसायी रमाकान्त चौरसिया र नेपाली कम्युनिष्ट पार्टीबाट छाटेलाल साह उम्मेदवार रहेका छन् ।

पर्सा निर्वाचन क्षेत्र नम्बर ४ मा २४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये १३ जना दलगत र ११ जना स्वतन्त्र उम्मेदवार रहेको जनाइएको छ । नेपाली कांग्रेसबाट पूर्वमन्त्री तथा निवर्तमान सांसद रमेश रिजाल उम्मेदवार बनेका छन् । उनी २०७९ को निर्वाचनमा पनि यही क्षेत्रबाट निर्वाचित भएका थिए ।

यस क्षेत्रमा नेकपा एमालेबाट जालिम मियाँ अन्सारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट टेकबहादुर शाक्य र नेपाली कम्युनिष्ट पार्टीबाट जयप्रकाश थारुले उम्मेदवारी दिएका छन् ।

यस निर्वाचनमा पर्साबाट चार जना पूर्वमन्त्री प्रदीप यादव, अजयकुमार चौरसिया, सुरेन्द्र प्रसाद चौधरी र रमेश रिजाल उम्मेदवार बनेका छन् ।

महोत्तरीमा १३१ जना उम्मेदवार

मधेशदृष्टि

जनकपुरधाम ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीका चारवटै निर्वाचन क्षेत्रमा उत्साहजनक सहभागितासहित मनोनयन दर्ता कार्य भएको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार चारै निर्वाचन क्षेत्रमा १ सय ३१ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा २७ जनाले मनोनयन दर्ता गराएका छन् । यस क्षेत्रमा नेपाली कांग्रेसबाट मुकेश राज काफ्ले, नेकपा एमालेबाट लक्ष्मी महतो कोइरी, जसपा नेपालबाट योगनारायण महतो, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमोद कुमार महतो, नेपाल कम्युनिस्ट पार्टीबाट गिरिराजमणि पोखरेल, नेकपा संयुक्तबाट मणिराज निरौला, नेपाल मजदुर किसान पार्टीबाट कृष्णश्वरी दुवाल, जनमत पार्टीबाट वीरेन्द्र महतो, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट होमप्रसाद पोखरेललगायत उम्मेदवार मैदानमा छन् ।

त्यसैगरी, निर्वाचन क्षेत्र नम्बर २ मा ३७ जनाको उम्मेदवारी परेको छ । यस क्षेत्रमा नेपाली कांग्रेसबाट किरण यादव, जसपा नेपालबाट शरत सिंह भण्डारी, नेकपा एमालेबाट काशिम नदाफ, राष्ट्रिय स्वतन्त्र पार्टीबाट इन्जिनियर दीपक साह, जनमत पार्टीबाट जयकुमार पाण्डेयलगायतका उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । निर्वाचन अधिकृत शोभाकर खरेलका अनुसार विभिन्न दल र स्वतन्त्र उम्मेदवारको उल्लेख्य उपस्थिति छ ।

निर्वाचन क्षेत्र नम्बर ३ मा ४२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । नेपाली कांग्रेसबाट बजरंग नेपाली, नेकपा एमालेबाट मनोज सिंह, जसपा नेपालबाट मिनाक्षी ठाकुर झा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उज्ज्वल झा, नेपाल कम्युनिस्ट पार्टीबाट राजकिशोर सिंह (नब्बा सिंह), जनमत पार्टीबाट अरविन्द ठाकुर, संघीय समाजवादी पार्टीबाट रिजवान अन्सारी, उज्यालो नेपाल पार्टीबाट रञ्जितकुमार साहलगायत दल तथा स्वतन्त्र उम्मेदवारहरू प्रतिस्पर्धामा छन् ।

निर्वाचन क्षेत्र नम्बर ४ मा २५ जनाले मनोनयन दर्ता गराएका छन् । यस क्षेत्रमा नेपाली कांग्रेसबाट महेन्द्रकुमार राय, जसपा नेपालबाट डा. सुरेन्द्र यादव, नेकपा एमालेबाट नीलम अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गौरी नेपाल, नेपाल कम्युनिस्ट पार्टीबाट भरतप्रसाद साह, जनमत पार्टीबाट मनोज साहलगायत उम्मेदवार छन् ।

जिल्ला निर्वाचन कार्यालय महोत्तरीका अनुसार जिल्लामा चार लाख ३१ हजार २ सय ८२ मतदाता छन् । दुई लाख ३५ हजार १ सय ८३ पुरुष, एक लाख ९२ हजार ९७ महिला र अन्य दुई जना रहेका छन् । चारै निर्वाचन क्षेत्रमा २ सय ५८ मतदानस्थल र ५ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको कार्यालय प्रमुख रञ्जिता झाले जानकारी दिइन् । निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख पाँच हजार ६ सय ४६ मतदाता, क्षेत्र नम्बर २ मा एक लाख सात हजार ५ सय ९४, क्षेत्र नम्बर ३ मा एक लाख १० हजार ४ सय ३६ र क्षेत्र नम्बर ४ मा एक लाख सात हजार ६ सय ६ मतदाता छन् ।

सुरक्षा अवस्थालाई मध्यनजर गर्दै महोत्तरीका १ सय ६३ मतदानस्थललाई अतिसंवेदनशील, ८९ लाई संवेदनशील र ६ वटा मतदानस्थललाई सामान्य श्रेणीमा राखिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । चारै निर्वाचन क्षेत्रमा उम्मेदवारको उच्च संख्याले यसपटक महोत्तरीको प्रतिनिधिसभा निर्वाचनलाई थप प्रतिस्पर्धात्मक र चासोको विषय बनाएको छ ।

धनुषाको एउटै गाउँका ४ जना उम्मेदवार

मधेशदृष्टि

जनकपुरधाम ।

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका मनोनयन दर्ता भएको छ । धनुषाको ४ वटै क्षेत्रमा पनि उम्मेदवारी उत्साहपूर्ण रुपमा भएको हो । उम्मेदवारी दर्ताकाबीच एउटा रोचक दृश्य देखिएको छ । त्यो रोचक दृश्य हो एउटै गाउँका ४ जनाले प्रतिनिधि सभाका लागि उम्मेदवारी दर्ता गराएका छन् । त्यो पनि प्रमुख दुई दल नेकपा एमाले र नेपाली कांग्रेसबाट उम्मेदवारी दर्ता गराएका हुन् ।

धनुषाको मिथिला विहारी नगरपालिकाको मिथिलेश्वर गाउँका एमालेका उपमहासचिव रघुवीर महासेठ, एमाले नेतृ जुलीकुमारी महतो, एमाले नेता रामचन्द्र मण्डल र नेपाली कांग्रेसका नेता रामपल्टन साहले उम्मेदवारी दर्ता गराएका छन् ।

एमालेका उपमहासचिव महासेठले धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दर्ता गराएका हुन् । उनी यो निर्वाचन क्षेत्रबाट पछिल्लो निर्वाचनमा विजयी भएका थिए ।

त्यस्तै एमाले नेतृ जुलीकुमारी महतोले धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दर्ता गराएकी हुन् । उनी पनि यो निर्वाचन क्षेत्रबाट पछिल्लो निर्वाचनमा विजयी भएकी थिइन् । त्यस्तै एमाले नेता एवम् मधेशका पूर्व सभामुख रामचन्द्र मण्डलले धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गराएका हुन् । मण्डल एमालेबाट प्रतिनिधिसभा सदस्यकालागि टिकेट पाएपछि प्रदेशसभा सदस्य पदबाट सोमबार राजीनामा दिएका थिए ।

त्यस्तै सोही गाउँका रामपल्टन साहले पनि धनुषा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गराएका छन् । साहले नेपाली कांग्रेसबाट उम्मेदवारी दर्ता गराएका हुन् ।

धनुषामा १४२ उम्मेदवार चुनावी मैदानमा

मधेशदृष्टि

जनकपुरधाम ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गर्नेको संख्या उल्लेख्य देखिएको छ । प्रदेश निर्वाचन अधिकृतको कार्यालयले साँझ ७ बजेसम्म सार्वजनिक गरेको विवरणअनुसार धनुषा–१, २, ३ र ४ बाट गरी जम्मा १ सय ४२ जनाले मनोनयन दर्ता गराएका छन् ।

सबैभन्दा धेरै उम्मेदवारी धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा परेको छ । ४१ जना उम्मेदवारले मनोनयन दर्ता गरेका छन् । त्यसपछि धनुषा–४ मा ३६, धनुषा–१ मा ३३ र धनुषा–२ मा ३२ जनाको उम्मेदवारी परेको छ ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार पछिल्लो अद्यावधिक मतदाता सूचीमा धनुषाका चारै निर्वाचन क्षेत्रमा मतदाता संख्या करिब समान छ । धनुषा–१ मा करिब १ लाख १५ हजार, धनुषा–२ मा १ लाख १० हजार, धनुषा–३ मा १ लाख २० हजार र धनुषा–४ मा करिब १ लाख १८ हजार मतदाता छन् । प्रत्येक क्षेत्रमा एक लाखभन्दा बढी मतदाता रहेकाले यसपटक पनि धनुषाको निर्वाचनलाई कडा प्रतिस्पर्धात्मक रूपमा हेरिएको छ ।

मनोनयन दर्ताका क्रममा प्रमुख राजनीतिक दलहरूको उल्लेख्य उपस्थिति देखिएको थियो । नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय मुक्ति पार्टी, नेपाली कम्युनिस्ट पार्टीलगायत दलका उम्मेदवारहरूले आ–आफ्नो क्षेत्रमा उम्मेदवारी दर्ता गराएका छन् ।

यसका साथै सामाजिक अभियन्ता, पूर्वराजनीतिक कार्यकर्ता तथा स्थानीय व्यक्तिहरू स्वतन्त्र उम्मेदवारका रूपमा पनि चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । स्वतन्त्र उम्मेदवारको संख्या बढेसँगै मत विभाजन हुने सम्भावना समेत बढेको विश्लेषण गरिएको छ ।

मधेश प्रदेशको राजनीतिक रूपमा संवेदनशील तथा निर्णायक जिल्ला मानिने धनुषामा जातीय, क्षेत्रीय र दलगत समीकरणले चुनावी नतिजा प्रभावित गर्दै आएको छ ।

यसपटक उम्मेदवारको संख्या अत्यधिक भएकाले दलभित्रको प्रतिस्पर्धा र असन्तुष्ट समूहको भूमिकाले समेत परिणाममा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार मनोनयन दर्तापछि उम्मेदवारी जाँच प्रक्रिया शुरु हुनेछ । उजुरी परेमा आवश्यक छानबिन गरिनेछ भने उम्मेदवारी फिर्ता लिने म्याद सकिएपछि अन्तिम उम्मेदवार सूची सार्वजनिक गरिने छ । धनुषाका चारै निर्वाचन क्षेत्रमा देखिएको उम्मेदवारको अत्यधिक संख्याले यसपटकको प्रतिनिधिसभा निर्वाचनलाई थप रोचक र प्रतिस्पर्धात्मक बनाएको छ ।

एमालेमा करिब ५५ प्रतिशत नयाँ उम्मेदवार

काठमाडौँ ।

नेकपा (एमाले)ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि १ सय ६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता गराएको छ ।

पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रचार विभाग प्रमुख मीनबहादुर शाहीले पार्टी अध्यक्ष केपी शर्मा ओलीलगायत उम्मेदवारले नेता, कार्यकर्ता र जनताको उत्साहपूर्ण सहभागितामा आ–आफ्नो उम्मेदवारी दर्ता गराएको जानकारी दिए ।

उनका अनुसार यसपटकको निर्वाचनमा एमालेले अगाडि सारेको उम्मेदवारमध्ये ५४ दशमलव ५४ प्रतिशत नयाँ छन् । तीमध्ये मधेश र सुदूरपश्चिम प्रदेशमा ५०–५० प्रतिशत र कोशीमा ५३ दशमलव ५७ प्रतिशत उम्मेद्वार नयाँ छन् ।

यस्तै, सबैभन्दा धेरै नयाँ उम्मेदवार कर्णाली प्रदेशमा ७५ प्रतिशत र कम लुम्बिनीमा ४२ दशमलव ३० प्रतिशत रहेका प्रचार विभाग प्रमुख शाहीले बताए ।

यस्तै, बागमती ६० दशमलव ६० र गण्डकीमा ६१ दशमलव ११ प्रतिशत रहेको नयाँ उम्मेदवार छन् ।

सात पूर्वस्वास्थ्यमन्त्री चुनावी दौडमा

काठमाडौँ ।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सात जना पूर्वस्वास्थ्यमन्त्रीले देशका विभिन्न स्थानमा उम्मेदवारी दर्ता गराएका छन् ।

पूर्वस्वास्थ्यमन्त्री गगन थापा, प्रदीप पौडेल, पदम गिरी, शेरबहादुर तामाङ, प्रदीप यादव, उपेन्द्र यादव र भानुभक्त ढकालले आसन्न निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका हुन् । निर्वाचन आयोगको विवरणअनुसार कांग्रेस सभापति थापा सर्लाही क्षेत्र नं ४, कांग्रेसकै पौडेल काठमाडौँ क्षेत्र नं ५, एमालेका गिरी पर्वतबाट उम्मेदवार बनेका छन् । यस्तै, सिन्धुपाल्चोक क्षेत्र नं २ बाट एमालेका तामाङ, पर्सा १ बाट एमालेकै प्रदिप यादव, सप्तरी क्षेत्र नं ३ बाट जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष यादव र तेह्रथुमबाट एमालेका ढकालले पनि उम्मेदवारी दर्ता गरेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन